

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १५ ★ ने. सं. ११४६ शिल्ला गा, षष्ठी ★ शनिबार ★ २४ माघ, २०८२ ★ February 7, 2026, Saturday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


# “हामी इमानदारीपूर्वक देशको निम्ति अन्तिम दमसम्म लड्छौँ”



भक्तपुर, २३ माघ । “हामी देशको निम्ति अन्तिम दमसम्म लडछौँ । हामी कुनै शक्तिसामु झुक्ने कुरा गर्दैनौं र इमानदारीपूर्वक काम गर्छौं । आकाशमा थुप्रै तारा छन् । चन्द्रमा एउटैमात्र छ । नेमकिपा त्यो चन्द्रमा हो, त्यो उज्यालो हो । ” यो भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिले आयोजना गरेको महिला भेलामा राख्नुभएको हो ।

पार्टी अध्यक्ष बिजुक्छेँले महिलाहरूलाई पार्टीको इतिहास, पार्टी स्थापनाका आधार, पार्टी स्थापना हुनुपूर्वका भूमिगत गतिविधिबारे प्रशिक्षण दिनुभयो ।

किसान सङ्घर्ष, सरसफाइ आन्दोलन, शैक्षिक आन्दोलन, भ्रष्टाचारविरोधी सङ्घर्षको जगमा नेमकिपा उभिएको चर्चा उहाँले गर्नुभयो ।

उहाँले भन्नुभयो, “हामीले २०१५ -२० सालदेखि जनताको राजनीतिक चेतनास्तर, शैक्षिकस्तर, जीवनस्तर उठाउने काम गऱ्यौँ । त्यतिबेला दलितलाई भन्दा बढी किसानलाई हेला गरिन्थ्यो । यहाँका किसानहरूलाई बेलायत, इजिप्टका दासहरूलाई जस्तो व्यवहार गरिन्थ्यो । हामीले तल्लो तहदेखि राजनीति, भूगोल र इतिहास पढायौँ । जनताको सेवा नै राजनीति हो भन्ने विचार हुर्कायौँ ।”

उहाँले भन्नुभयो, “नेपालमा विभिन्न भाषाभाषी र जातजाति छन् । तिनका आ-आफ्नै परम्परा, संस्कृति र समस्या छन् । सबैलाई मार्क्सवादजस्तो अत्यन्त जटिल र बौद्धिक विषय बुझाउन समय लाग्नु स्वाभाविक हो । तर, हामी निरन्तर अगाडि बढ्छौँ ।”

उहाँले भन्नुभयो, “हामी तत्कालको फाइदाका लागि होइन । दीर्घकालीन हितको लागि काम गर्छौं ।” आफ्नो अडानमा बस्दा दु:ख पाइए पनि त्यो दु:खले नयाँ पुस्तालाई सजिलो बनाउने तर्क उहाँले राख्नुभयो ।

नेमकिपालाई विदेशीको मात्र कुरा गर्ने पार्टी भन्ने आरोप पनि छ । संसारको कुनै पनि कुनामा भएको अन्याय अत्याचारको विरोध हामी गर्छौं । आज छिमेकीको घरमा चोर पस्दा नबोलेपछि भोलि हाम्रै घरमा चोर लाग्दा कसले बोल्ने, कसलाई गुहार्ने ? उहाँले प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, “जमिन जोत्नेलाई मोहियानी हक दिलाउन संसद्मा आवाज दिने पार्टी नेमकिपा हो । कमैयालाई आफूले जोत्दै आएको जमिनको हक नदिन मुक्तिको घोषणा गरेको हो । पुँजीवादी देशमा सस्तो ज्यामी मजदुर पठाएको विरोधमा नेमकिपाले संसद्मा आवाज उठायो ।”

उहाँले जोड दिनुभयो, “संसदीय व्यवस्था र राजनीतिक कुरा थाहा भएकाहरूले संसद्मा प्रतिनिधित्व गरे देश र जनताको लागि राम्रो योगदान दिन सक्छन् ।”

उहाँले थप्नुभयो, “हामीले महिलाहरूलाई साक्षर र शिक्षित बनाउन मेहनत गऱ्यौँ । फलस्वरूप २०४५ सालको भक्तपुर काण्डमा यहाँका महिलाहरू सङ्घर्ष गर्न सक्षम बने ।”

“छोरीहरूलाई राम्रो शिक्षा र व्यवहार सिकाउँदा समाज राम्रोसँग अगाडि बढ्छ”, उहाँले जोड दिनुभयो ।

नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई उपयोग गरेर २०१९ सालयता भ्रष्टाचारविरोधी आन्दोलन, मोहियानी हकको आन्दोलन, सुस्तामाथि भारतीय विस्तारवादको हस्तक्षेपको विरोधमा सार्वभौमिकता रक्षा आन्दोलन, साम्राज्यवादको सार्वभौम देशमाथिको नाकाबन्दी, धम्की, अपहरण, आक्रमणको विरोध गर्दै आएको छ भन्नुभयो ।

देश हितविपरीतका सन्धि-सम्झौताको सडकमा विरोध एवं संसद्मा विपक्षमा मत दिँदै आएको उल्लेख गर्दै उहाँले नेपालको सार्वजनिक संस्थानहरू निजीकरणको नाममा विदेशी समेतलाई बेच्ने शासक दलहरूको नेमकिपाले विरोध गर्दै आएको छ भन्नुभयो ।

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीहरूलाई


***बाँकी पृष्ठ ८ मा***


# “आत्मनिर्भर हुन हाम्रो सीप र स्रोतलाई हामीले नै उपयोग गर्ने नीति लिनुपर्छ”



भक्तपुर, २३ माघ । “जनताको सेवा गर्ने दु:खको कुरा होइन, गौरवको विषय हो । स्वार्थरहित सेवा गर्दा डराउनुपर्दैन । नेपाल मजदुर किसान पार्टी नि:स्वार्थपूर्वक देश र जनताको सेवा गरी अगाडि बढ्छ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले नेमकिपाको स्थापना दिवसको अवसरमा नेपाल कर्मचारी समाजको आयोजनामा ‘आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास’ पुस्तकबारे शुक्रबार भएको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

आत्मनिर्भरतालाई ध्यानमा राखी काम गर्न सकेमा नेपाल आत्मनिर्भर हुन सम्भव भएको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “आत्मनिर्भर हुन हाम्रो सीप र स्रोतलाई हामीले नै उपयोग गर्ने नीति लिनुपर्छ । हामीले जनतालाई दु:ख हुने काम कहिल्यै गर्नुहुन्न ।”

“नेमकिपाले लेनिनवादी नीतिअनुसार पञ्चायतकालदेखि निर्वाचनलाई जनताको पक्षमा उपयोग गर्दै आएको छ । ‘उग्रवादी विचार केटाकेटीको खेल’ भनी लेनिनले उदाङ्ग्याउनुभएको छ”, उहाँले स्पष्ट पार्नुभयो ।

पार्टी सङ्गठन विस्तार गर्न सकेमात्र जनताबिच जान सकिने भएकोले सङ्गठन विस्तारमा कार्यकर्ता लाग्नु जरूरी भएको अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “पार्टीका अग्रज कार्यकर्ताहरूको योगदान र नि:स्वार्थपूर्वक जनताको सेवा गर्ने शिक्षाकै कारण भनपाले भ्रष्टाचाररहित विकास निर्माण गर्न सकेको हो जुन अरू स्थानीय तहको लागि उत्सुकताको विषय भइरहेको छ ।”

“जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्न नसके क्रान्ति भए पनि असफलतामा टुङ्गिने भएकोले जनताको राजनीतिक र सांस्कृतिक स्तर उच्च बनाउन कार्यकर्ताहरू जनताबिच जानुपर्छ”, अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “पहिलो विश्व युद्धपछि संसारमा रूसी समाजवादी सभ्यताको विकास भयो भन्ने दोस्रो विश्व युद्धपछि चीन, क्युवा, प्रजग कोरियालगायत पूर्वी युरोपमा समाजवादी लहर नै स्थापित भयो । त्यसैले साम्राज्यवादको विरुद्धमा लडाइँ गर्न डराउनुहुन्न ।”

नेमकिपाका केन्द्रीय सदस्य एवं प्राध्यापक समाज नेपालका केन्द्रीय अध्यक्ष सरोजराज गोसाईले ‘आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास’ पुस्तक सरल भएर पनि गम्भीर विषय समावेश रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “पञ्चायत कालमै प्रकाशित उक्त पुस्तक


***बाँकी पृष्ठ ८ मा***


# पुँजीपतिवर्गले निर्वाचनमार्फत थाकेको घोडा फेर्ने भएकोले जनता सचेत हुनु आवश्यक

काठमाडौँ, २३ माघ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा शुक्रबार ‘प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ उम्मेदवार प्रशिक्षण’ कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “नपाली जनताबाट जहानियाँ निरङ्कुश शासनको विरोध भएपछि सामन्त र पुँजीपतिवर्गले माटो सुहाउँदो भन्दै स्थापना गरेको निर्दलीय पञ्चायती सरकारबाट देश र जनताको सेवा नभएपछि पुँजीपतिवर्गले पञ्चायती व्यवस्था फालेर बहुदलीय प्रजातन्त्रको नाममा देश र जनतामाथि शासन र शोषण गऱ्यो । यो व्यवस्थामा नेका, एमाले, माओवादी, रास्वपा, राप्रपासमेत प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भए तर देश र जनताको सेवा भएन । गत भदौ २३ र २४ गतेको नयाँ पुस्ताको आन्दोलनमा घुसपैठ र आगजनी भएपछि विस्तारवाद र साम्राज्यवादका दलालहरू ‘नयाँ’ को नाममा निर्वाचन जितेर प्रधानमन्त्री र मन्त्री हुने तयारीमा छन् ।”

उही संविधानअनुसार सरकारमा प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूको दल र नेता फरक भए पनि काम एउटै भएको उल्लेख गर्दै सचिव सुवालले पुँजीवादी व्यवस्थामा पुँजीपतिवर्गले थाकेको घोडा फेर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “संसद् देशको नीति र कार्यक्रम बनाउने, बजेट र विधेयक पारित गर्ने, विदेशसँगको सन्धिसम्झौताबारे छलफल गर्ने एक प्राज्ञिक थलो हो । सडक, पुल, घोडेटो-गोरेटो बनाउने काम स्थानीय पालिकाको हो ।”

“संसद्मा देशको सन्तुलित विकासलगायत जनताको शिक्षा-स्वास्थ्य, रोजगारीबारे छलफल हुन्छ । युवालाई वैदेशिक रोजगारीमा पठाएर दाल, चामल, तरकारी, फलफूल सबै विदेशबाट किन्ने सरकारहरूको आलोचना गर्ने र फाल्ने काम संसद्को हो । नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरूले संसद्मा पुगेर यही कर्तव्य निर्वाह गर्नुभएको हो” सचिव सुवालले उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको मत देशैभरि नबढेसम्म सुन्दर भविष्य, नयाँ युगको सुरुआत, स्थिर सरकार, सुशासन, लोकतन्त्रको जीत नहुने उल्लेख गर्दै उहाँले लोकतन्त्र वा प्रजातन्त्र भनेको जीवन पद्धति, आर्थिक समानता र सामाजिक न्याय रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् काठमाडौँ जिल्ला समितिका अध्यक्ष नारायण महर्जनले यो निर्वाचनमार्फत जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादसम्म पुग्ने नेपाल मजदुर किसान पार्टीको विचार जनतामाझ पुऱ्याउन सबै कार्यकर्ता लाग्नु जरुरी रहेको बताउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य राजवीर डङ्गोलले शासक दलहरूले आचारसंहिता उल्लङ्घन गरी जनताको मत प्रभावित पार्ने गलत बाटो अपनाएकोबारे नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता सचेत भई जनतासामु उनीहरूको गलत गतिविधि उदाङ्ग्याउन लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका शैलेश डङ्गोलले पनि बोल्नुभएको थियो ।

## व्यङ्ग्यचित्र कुनो



# आधारभूत तह समग्र शिक्षाको जग




भक्तपुर, २३ माघ । आधारभूत विद्यालय समितिको वार्षिक कार्यतालिकाबमोजिम तारा माविको आयोजनामा अङ्ग्रेजी प्रतियोगिता शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यबहादुर फोजूले आधारभूत तहका विद्यार्थी देशका कर्णधार भएकोले प्रत्येक बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फूटन गराउन अवसर तयार गर्दै प्रतिस्पर्धी भावना जगाउन अतिरिक्त क्रियाकलाप गर्दै आएको विचार व्यक्त गर्नुभयो ।

उहाँले विद्यार्थीहरू किताबमा मात्र सीमित नहुन उल्लेख गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबारे जानकारी हुनुपर्ने उल्लेख गर्नुभयो ।

जनसेवा आविका प्रअ कृष्णप्यारी दुवालले सहभागी सम्पूर्ण विद्यार्थीलाई शुभकामना दिनुभयो ।

कार्यक्रमका सभापति एवम् तारा माविका प्रअ प्रेमलक्ष्मी त्वायनाले आधारभूत विद्यालय समिति सम्पूर्ण बालबालिकाको साझा मञ्च रहेको उल्लेख गर्दै बालबालिकाले आफ्नो अन्तरनिहीत प्रतिभा प्रस्फुटन गर्ने अवसर पाउने बताउनुभयो । उहाँले आधारभूत तहका विद्यार्थी देशको समग्र शिक्षाको जग हो भन्नुभयो ।

प्रतियोगितामा प्रावितर्फ गणेश माविका रिसभ सिंह र सोनिया तामाङ, बाल सेवक आविका आशिष तामाङ र हसिना खातुन, समाज सुधार माविका अस्मिता तामाङ र निकिता विक, नवीन आविका रोनियान चिकंबञ्जार र रमिता रायमाझी तथा बरदायणी आविका विजय तामाङ र सुकृति तामाङले क्रमश: प्रथम, द्वितीय, तृतीय, चौथो तथा पाँचौँ स्थान हासिल गरेका थिए ।

त्यस्तै, निमावितर्फ नवीन आविका आशालक्ष्मी दुवाल र आशियान खातुन प्रथम, ज्ञान विजय आविका रोडम भुग्रान्टी र विपना खत्री द्वितीय, बाल सेवक आविका लियन खत्री र खुसी इन्गम तृतीय र गणेश माविका सीमाकुमारी पण्डित र असारफ महोमदले चौथो स्थाल हासिल गरेका थिए ।

कार्यक्रममा १४ वटा प्रावि र ७ वटा निमावि गरी जम्मा २१ वटा विद्यालयको सहभागिता रहेको थियो भने कार्यक्रममा शिक्षक श्याम ख्याजुले पनि बोल्नुभएको थियो ।

# शासकहरूको कारण युवा पुस्तामा राजनीतिप्रति वितृष्णा




भक्तपुर, २३ माघ । नेपाल कर्मचारी समाज भनपा ९ को आयोजनामा बिहीबार सकोलानमा कर्मचारी भेला भयो ।

भेलामा रवीन्द्र ज्याखवले शासकहरूको कारण युवा पुस्तामा राजनीतिप्रति वितृष्णा फैलेको बताउँदै तोडफोड र हिंसात्मक आन्दोलनले अराजकता फैलिएको बताउनुभयो ।

कृष्णभक्त लवजुले आफ्नो कर्तव्य इमानदारीपूर्वक निर्वाह गरे शिर झुकाउन नपर्ने बताउँदै मोहियानी हक आन्दोलन, भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, साँढे धपाउने आन्दोलनबारे बताउनुभयो ।

नेपाल कर्मचारी समाज भनपा ९ का अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा विकास प्रजापतिले पनि बोल्नुभएको थियो ।

# खाद्य परिकार योमरी युनेस्कोको अभौतिक सांस्कृतिक सम्पदामा सूचिकृत प्रक्रियामा

काठमाडौँ, २३ माघ । नेवार समुदायको परम्परागत, मौलिक एवम् सांस्कृतिक खाद्य परिकार योमरीलाई संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक संस्कृतिक सङ्गठन (युनेस्को) को अभौतिक सांस्कृतिक सम्पदामा सूचीकृत प्रक्रियाबारे छलफल अघि बढेको छ ।

काठमाडौँ महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिका पदाधिकारी र समुदायका प्रतिनिधिबिचको छलफलमा यस्तो प्रक्रियाअघि बढाइएको समितिका संयोजक आशामान सङ्गतले जानकारी दिनुभयो ।

छलफलमा समितिका संयोजक आशामान सङ्गतले भन्नुभयो, "हरेक शुभकार्यसँग जोडिएको योमरीको महत्त्व र पहिचानलाई राष्ट्रियकरण गर्दै अभौतिक युनेस्कोको अभौतिक सम्पदा विधामा सूचीकृत गराउनु अन्तरराष्ट्रियकरणको प्रक्रिया हो । यसले नेपालकै पहिचान वृद्धि हुन्छ । योमरी बनाउने परम्परा खाद्य परिकारमात्र होइन । प्रकृति, कृषि पेसा, धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षसँग गहिरो सम्बन्ध राख्छ ।"

यसले सम्पदाको एकीकृत विकासमा टेवा दिन्छ । समितिले अमूर्त सांस्कृतिक सम्पदाको पहिचान, अध्ययन, अभिलेखन, विकास र प्रवर्द्धनलाई पहिलो प्राथमिक कार्यक्रममा राखेर काम गरिरहेको उहाँको भनाइ थियो ।

त्यस क्रममा समितिका सदस्य एवं वडा १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले, सूचीकृत हुने प्रक्रियालाई निर्धारित समयभित्रै सक्नुपर्नेमा जोड दिनुभयो । "कामपाका पुराना सहरी क्षेत्रका चोकचोकमा, गुठीगुठीमा, हरेक संस्कार र परम्परामा अमूर्त सम्पदा छन् ।" उहाँले यस्ता सम्पदाको गरिमा प्रवर्द्धनमा सबै मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

योमरीको गरिमालाई स्थानीयस्तरमा पनि प्रवर्द्धन गर्न अभिमुखीकरण र प्रशिक्षण सञ्चालन गरिनुपर्ने महर्जनले बताउनुभयो । छलफल र अन्तर्क्रियालाई नियमितता दिइने, त्यस्ता कार्यक्रममा समुदायका अगुवाहरूको सुझाव र प्रतिक्रियालाई ग्रहण गरिने सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राईको भनाइ छ ।

छलफलमा ज्यापू महागुथि नेपा, नेपाल तण्डुकार समाज, बज्राचार्य संरक्षण क्लब, कारञ्जित समाज, स्यस्यः समाज, रञ्जितकार समाज नेपाल, चित्रकार (पूँ) समाज, केन्द्रीय मानन्धर सङ्घ, कपाली समाज, उदय समाज, नेपाल माली समाज, कसाः तध गुथि, ताम्राकार समाज, राजकर्णिकार समाज, रजक समुदाय विकास सङ्घ, द्योला समाज सङ्घ, नेपाल खड्गी सेवा समिति, नकःमि समाज सेवा पुचः, नेपाल नापित समाजका पदाधिकारी तथा प्रतिनिधिहरूले धारणा राख्नुभएको थियो ।

अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि २००३ मा भएको हो । नेपाल सन् २०१० मा पक्ष राष्ट्र भएको हो । यसअन्तर्गत आफ्नो देशभित्र रहेका अभौतिक सांस्कृतिक सम्पदाहरूको सूची तयार पार्नु, अनुसन्धान गर्नु, सुरक्षा, संरक्षण र प्रवर्द्धन तथा परम्परालाई निरन्तरता दिनु महत्त्वपूर्ण कामहरू हुन् । ***रासस***

# नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा प्रवचन

भक्तपुर, २३ माघ । नेपाल क्रान्तिकारी महिला सङ्घ भ.न.पा.४ बोलाछेँ एकाइ समितिको आयोजनामा बिहीबार नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका उपेन्द्र सुवालले नेमकिपाले असल चरित्रवान् व्यक्तिहरूलाई आसन्न निर्वाचनमा जनताका उम्मेदवारका रूपमा जिल्ला जिल्लामा उठाएको जानकारी गराउँदै सिद्धान्त र नीतिको कारण पार्टीले देशको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको काम गरिरहेको बताउनुभयो ।

समाजवाद हुँदै साम्यवादी आदर्श समाजमा पुग्ने लक्ष्य लिएको पार्टीका अग्रज नेता कार्यकर्ताहरूले देश र जनताको निम्ति नि:स्वार्थरूपमा गर्दै आइरहेको कामलाई स्मरण गर्दै उहाँले नयाँ पुस्तालाई शिक्षित पार्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेमकिपा ४ वडा समिति सदस्य कृष्णगोविन्द दुवालले नयाँ पार्टीप्रति युवा पुस्ताको आकर्षण केबल क्षणिक लाभको लागि हो भन्दै पश्चिमी शक्तिले नेपालमा जेलेन्स्की तयार गरी देशलाई गृहयुद्धमा फसाउने योजनाबारे सचेत रहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ बोलाछेँ एकाइ समिति अध्यक्ष कृष्णलक्ष्मी दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा बोलाछेँका इन्चार्ज एच.एस.सुवाल, प्रतिनिधिसभाको निर्वाचनमा काठमाडौँ क्षेत्र नं १, इलाम क्षेत्र नं १, तनहुँ क्षेत्र नं १, नवलपरासी पश्चिम, पर्वत क्षेत्र नं १ बाट क्रमश: उम्मेदवार बनेका रमिला ज्याखव, तुल्सीकेशरी प्रजापति, रामलक्ष्मी दुवाल, रञ्जना सुवाल, एलिना सुवाल र आयोजक समितिका बुद्धलक्ष्मी त्वायनालगायतले बोल्नुभयो ।

# भक्तपुर नगरपालिकाद्वारा बजार अनुगमन चालू

भक्तपुर, २३ माघ । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा फलफूल पसलहरूको अनुगमन बिहीबार र शुक्रबार च्याम्हासिंह, देगइना र सल्लाघारीमा सम्पन्न भयो ।

अनुगमनमा न्यु ब्रह्मायणी जुस एन्ड फुड सेन्टरमा पेटी र पेटी बाहिर सामान राखेर बेचबिखन नगर्न, मूल्यसूची राख्न र म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरियो । तराजु नवीकरणको कागजात नभएकोले तीन दिनभित्र कागजातसहित उपस्थित हुन र प्याकेजिङ सामान खाद्य विभागबाट अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्न निर्देशन दिइयो ।

सृष्टि फुड सेन्टरमा तराजु नवीकरण तीन दिनभित्र गर्न निर्देशन दिइयो ।

लक्ष्मी स्वीट एन्ड प्यालेसमा पुरानो सामान जफत गरी नष्ट गरियो ।

के.ओ.डी. स्टोरमा म्याद नाघेका सामानहरू केही सामान जफत गरी नष्ट गरियो भने पसलको दर्ता प्रमाणपत्रसहित तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

सुनिता थापाको फलफूल पसल तीन दिनभित्र दर्ता गर्न निर्देशन दिइयो ।

ताज फुड सेन्टर तराजु नवीकरणको कागजात नभएकोले तीन दिनभित्र नापतौल विभागमा दर्ता गर्न र म्याद नाघेको सामान जफत गरी नष्ट गरियो ।

जयकाली फ्रुट सेन्टरमा तराजु नवीकरण र म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरियो ।

रावनम फ्रुट सेन्टर तीन दिनभित्र नवीकरण गर्न, तराजु नवीकरण नभएकोले जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

च्वङा गणेश स्टोरको दर्ता प्रमाणपत्रसहित तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन र म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरियो ।

अनुगमनमा अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रीता फसिकवा, श्यानिटेसन उपशाखा प्रमुख दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर उपशाखा मोहनदेवी व्याञ्जू, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नवराज पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्र.स.नि. टेजप्रसाद खतिवडा र कमलकुमार श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य सङ्घ भक्तपुरका राजु त्वानाबासु, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, घरेलु तथा साना उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुलाको उपस्थिति थियो ।

# साठी जिल्लाको मतपत्र छपाइ सकिँदा प्याकिङको काम धमाधम

काठमाडौँ, २३ माघ । निर्वाचन आयोगले विभिन्न २५ जिल्लाको प्रत्यक्षतर्फको मतपत्रको छपाइ तथा प्याकिङ सम्पन्न भइसकेको जनाएको छ ।

आयोगले उपलब्ध गराएको विवरणअनुसार डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा र अछामको मतपत्र छपाइ र प्याकिङको काम सम्पन्न भएको छ ।

यस्तै, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी गरी जम्मा २५ जिल्लाको मतपत्र छपाइ र प्याकिङ सम्पन्न भइसकेको छ । साठी जिल्लाको मतपत्र पनि छपाइ सम्पन्न भइसकेको छ तर प्याकिङको काम भने बाँकी छ ।

आयोगका अनुसार मतपत्र छपाइको काम अन्तिम चरणमा पुगेको छ । प्याकिङको काम पनि क्रमश: भइरहेको छ । मतपत्र छपाइको काम जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा भइरहेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सम्पन्न भइसकेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ गरी प्याकिङ एवं रुजु गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको छ ।

त्यसैगरी, प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ गर्नुपर्ने छ । यही माघ १६ गतेदेखि प्रत्यक्षतर्फको मतपत्र छपाइको काम सुरु भएको थियो । यस्तै, १० लाख ९८ हजार २०० बराबरको नमुना मतपत्र छपाइ गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ । ***रासस***

# कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूबिच वक्तृत्वकला

भक्तपुर, २३ माघ । संयुक्त परीक्षा समिति भक्तपुरको आयोजनामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूबिच शुक्रबार वक्तृत्वकला प्रतियोगिता भयो ।

"राष्ट्र निर्माणमा नयाँ पुस्ताको भूमिका' विषयक उक्त प्रतियोगितामा पाँच वटा विद्यालयका १० जना विद्यार्थीले भाग लिए ।

प्रतियोगितामा सहभागी विद्यार्थीहरूले समृद्ध मुलुक निर्माणको लागि भ्रष्टाचारको अन्त्य हुनुपर्ने, जल, जमिन, पर्यटन, जडीबुटी, वनपैदावारको अधिकतम उपयोग गर्न सके विदेसिने युवा जनशक्ति कम हुँदै जाने विचार व्यक्त गरे ।

विद्यार्थी निकेतन माध्यमिक विद्यालयका प्रधानाध्यापक न्हुछेबहादुर खाताख्वको सभापतित्वमा भएको सो कार्यक्रममा प्रअहरू चक्रबहादुर चाकतु, कृष्णप्रसाद कर्माचार्य, रवि प्रधान, चन्द्रबहादुर थुयाजुले पनि बोल्नुभएको थियो ।

रुपकेसरी उलक, श्रीकृष्ण सुवाल र उद्धवप्रसाद दाहाल रहेको निर्णायकमण्डलले आदर्श आजाद माविकी छात्रा प्रतिमा सिंह ठकुरी प्रथम, वागीश्वरी माविकी छात्रा आस्था गुमाञ्जु द्वितीय, वागीश्वरीकै तेन्जिङ बडुवाल तृतीय र बासु माविका छात्रा प्रतिक्षा कठायतले सान्त्वनामा परेको घोषणा गरेको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक विश्वराम हाकुदुवालले पनि बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# बरण्डाभार क्षेत्रको तालतलैया व्यवस्थापन गर्दै वन कार्यालय

चितवन, २३ माघ । डिभिजन वन कार्यालयले बरण्डाभार क्षेत्रमा रहेका सङ्कटापन्न तालतलैया एवं पोखरी व्यवस्थापनको काम सुरु गरेको छ । १० हजार २०० हेक्टर क्षेत्रफलभित्र पर्ने बरण्डाभार क्षेत्रमा रहेका १५ वटा तालतलैया एवं पोखरी व्यवस्थापनका लागि काम सुरु गरिएको हो ।

कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार तालतलैया संरक्षणका लागि रु. १० लाख बजेट रहेको छ । बरण्डाभार क्षेत्र संरक्षणका लागि विनियोजित बजेट रु. ३५ लाखमध्ये पनि ताल तलैया संरक्षणमा अधिक बजेट खर्च गर्ने योजना रहेको उहाँले बताउनुभयो । बरण्डाभार क्षेत्रमा रहेका १५ भन्दा बढी तालको संरक्षण र व्यवस्थापनको काम सुरु गरिएको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सङ्कटमा परेका ताल तलैयाहरूको संरक्षण गर्दै वन्यजन्तुका लागि आवश्यक पानीको मात्रा वन क्षेत्रमा नै पुऱ्याउने योजना रहेको छ ।" अहिले बरण्डाभार क्षेत्रमा रहेका तालतलैया सङ्कटमा पर्दा घाँसेमैदान घट्दै गएको उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले तालतलैया जलकुम्भी, माइकेनियालगायत झारले तालतलैयालाई सङ्कटमा पारेको छ । सङ्कटमा परेका तालतलैयालाई पुन:संरचना र अद्यावधिक गर्ने काम सुरु गरिएको हो ।

बरण्डाभार क्षेत्रबाहेक सामुदायिक वन क्षेत्रमा रहेकाताललाई व्यवस्थापनका लागि वन समितिलाई परिपत्र गरी सकिएको छ । यस कार्यालयको कार्यक्षेत्रमा बरण्डाभार क्षेत्रबाहेक अन्य क्षेत्रमा गरी ४४ वटा तालतलैया रहेका छन् । उहाँका अनुसार सबै तालतलैया एवं पोखरीलाई व्यवस्थापन गर्दै अघि बढ्न लागिएको हो । पानीको स्रोत सुक्दा वन्यजन्तुलाई मात्रै समस्या नभई बोटबिरुवालाई समस्या हुने गरेको छ । यसले जमिनमा पानीको मात्रा पुनरभरणमा ठुलो सहयोग पुग्दछ । वर्षात्का समयमा ती पोखरीमा पानी भरिन्छ । त्यसका लागि पनि व्यवस्थापनको सहयोग पुग्ने गर्दछ । **रासस**

# सत्र लाख ५० हजार ठगी गर्ने दुई जना पक्राउ

काठमाडौं, २३ माघ । रोजगारीका लागि अस्ट्रेलिया र स्लोभाकिया पठाउने भन्दै रु. १७ लाख ५० हजार ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३ बस्ने ३५ वर्षीय रूपेश लामिछाने तथा धादिङको खनेबा गाउँपालिका-३ बस्ने ३५ वर्षीय हिरा तामाङ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेकामध्ये लामिछाने अस्ट्रेलिया पठाउने भन्दै रु. नौ लाख तथा तामाङले स्लोभाकिया पठाउने भन्दै रु. आठ लाख ५० हजार लिई विदेश नपठाई सम्पर्कविहिन भएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।" पक्राउ परेका दुवै जनालाई शुक्रबारै थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो । **रासस**

# झापामा 'सिरिन्ज' आक्रमण एक जनाको मृत्यु

बिर्तामोड, २३ माघ । भद्रपुर नगरपालिका-१० सत्रविघेमा सिरिन्ज आक्रमण भएको छ । अज्ञात व्यक्तिको आक्रमणमा सोही स्थानका बासिन्दा खेम ढकालको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार बिहीबार साँझ ढकाल छिमेकीको घरबाट आफ्नो निवासतर्फ फर्कंदा अज्ञात व्यक्तिहरूको आक्रमणमा पर्नुभएको हो । आक्रमणबाट गम्भीर घाइते हुनुभएका उहाँको अस्पताल पुऱ्याउने क्रममा बाटोमा मृत्यु भएको हो ।

आक्रमणमा संलग्न भएको आशङ्कामा प्रहरीले सिरहाका २६ वर्षीय दीपेशकुमार सिंहलाई पक्राउ गरेको प्रहरी प्रवक्ता खगेन्द्रबहादुर खड्काले बताउनुभयो । सिरिन्जमा प्रयोग गरिएको पदार्थबारे जानकारी भई नसकेको उहाँले बताउनुभयो । **रासस**

# विदेशी बुबा भएका पाँच जनाले पाए अङ्गीकृत नागरिकता

वाग्मती, २३ माघ । आमा नेपाली र बुबा विदेशी भएका पाँच जनाले जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट अङ्गीकृत नागरिकता प्राप्त गरेका छन् । नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि जिल्ला प्रशासन कार्यालयबाट बुबा विदेशी भएका पाँच जनाले आमाको नामबाट अङ्गीकृत नागरिकता प्राप्त गरेका हुन् ।

नागरिकता ऐनमा भएको संशोधनअनुसार हालसम्म नागरिकता प्राप्त गर्न आवश्यक कागजात पेस गरेका पाँच जनालाई आमाको नामबाट अङ्गीकृत नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिनुभयो । हेटौँडा उपमहानगरपालिका-११ नवलपुरका तीन, हेटौँडा उपमहानगरपालिका-४ का एक र राक्सिराङ गाउँपालिकाका एक गरी पाँच जनाले नागरिकता पाएका उहाँले बताउनुभयो ।

आमाको नेपाली नागरिकता भए पनि बुबा विदेशी हुँदा नागरिकता पाउन नसकेका ती पाँचै जनाले लामो समयदेखि नागरिकताका लागि जिल्ला प्रशासन कार्यालय धाउँदै आएका थिए । नागरिकता ऐन संशोधन भएपछि उहाँहरूलाई नागरिकता प्रदान गरिएको सहायक प्रजिअ जोशीले बताउनुभयो । उहाँका अनुसार नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (चौथो संशोधन) नियमावली राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयन गरिएको हो ।



मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ रानीपौवा बजार नजिकै रहेको मुक्तिनाथ बसपार्कमा पार्किङ गरिराखेका सवारीसाधनहरू । माघ १४ गते परेको बाक्लो हिउँ नपग्लिँदा सवारीसाधनहरू हिउँमाथि पार्किङ गरेजस्तै देखिएको छ । *तस्बिर : सुशीलबाबु थकाली/रासस*

# जशिसाकेलिमा दैनिक १३ लाख मतपत्र छपाइ

भक्तपुर, २३ माघ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि दैनिक १३ लाख मतपत्र छपाइ गरिरहेको छ ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले प्रत्यक्ष्यतर्फ कुल दुई करोड तीन लाख थान मतपत्र छपाइ गर्नुपर्नेमा बिहीबार साँझसम्म ८० लाख मतपत्र छपाइ सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले दिनमा १३ लाखसम्म मतपत्र छपाइ भइरहेको र अबको एक सातामा सबै मतपत्र छपाइ सम्पन्न गरी 'प्याकिङ' को काम गरिने बताउनुभयो ।

प्रबन्ध निर्देशक पौडेलले भन्नुभयो, "केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमुना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ । दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी 'प्याकिङ' सम्पन्न गरिसकेको छ । प्रत्यक्षतर्फको मतपत्र छपाइ यसै महिनामा सम्पन्न गर्छौं ।"

उहाँले समानुपातिकतर्फको मतपत्र यही माघ २५/२६ गतेदेखि ढुवानीको काम सुरु हुने र महिनाको मसान्तसम्म प्रत्यक्षतर्फको मतपत्र छपाइ सकेर फागुनको १/२ गतेसम्म सबै काम सकेर जिल्लामा ढुवानी हुने बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ ६० निर्वाचन क्षेत्रका लागि ८० लाख थान मतपत्र छपाइ सम्पन्न भएको जनाइएको छ । "समानुपातिकतर्फको दुई करोड आठ लाख ५४ हजार ८०० प्रति मतपत्र छपाइ सम्पन्न गरी माघ १२ गतेदेखि प्रत्यक्षतर्फको दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ सुरु गरिएको छ । आगामी फागुन ३ गतेभित्र सबै निर्वाचन क्षेत्रमा मतपत्र पठाइसक्ने निर्वाचन आयोगको योजनाअनुसार केन्द्रले काम गरिरहेका छ," पौडेलले भन्नुभयो ।

आयोगले निर्वाचनका लागि आवश्यक पर्ने ३७ प्रकारका सामग्री सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले नै खरिद गर्ने व्यवस्था गरेको जनाइएको छ । **रासस**

# भारतको कोइला खानीमा विस्फोटमा हुँदा खोटाङका दुई युवाको मृत्यु, चार गम्भीर घाइते

खोटाङ, २३ माघ । भारतको मेघालयस्थित एउटा कोइलाखानीमा भएको विस्फोटमा परेर खोटाङको बराहपोखरी गाउँपालिका निवासी एउटै घरका दुई जना दाजुभाइको घटनास्थलमै मृत्यु भएको छ । मेघालयस्थित उम्साङघाटमा सञ्चालित कोइलाखानीमा बिहीबार भएको विस्फोटमा परेर बराहपोखरी गाउँपालिका-१ बराहपोखरीस्थित सालघारीभञ्ज्याङ निवासी २७ वर्षीय पूर्णबहादुर खपाङ्गी मगर र २४ वर्षीय सुरेन्द्र खपाङ्गी मगरको घटनास्थलमै मृत्यु भएको हो ।

बराहपोखरीस्थित सालघारी भञ्ज्याङका खड्गबहादुर खपाङ्गी मगर र टङ्ककुमारी खपाङ्गी मगरका छोरा पूर्णबहादुर दाजु र सुरेन्द्र भाइ भएको स्थानीय शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । सोही घटनामा बराहपोखरीस्थित भञ्ज्याङका बमबहादुर खपाङ्गी मगर, कर्णबहादुर खपाङ्गी मगर, नरबहादुर खपाङ्गी मगर र उदयपुर साउनेका ललितबहादुर मगर घाइते भएका छन् ।

मेघालय पुगेर कोइलाखानीमा काम गर्ने सात जनाको टोलीमध्ये बराहपोखरीस्थित वालम्पाका ताराबल मगरमात्र सकुशल रहेको जनाइएको छ । विस्फोटपछि ताराबलले नै फोनमार्फत घटनाका बारेमा जानकारी गराउनुभएको हो ।

दुर्घटनाका घाइते चार जनाको अवस्था गम्भीर रहेको ताराबलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दुर्घटनामा पूर्णबहादुर र सुरेन्द्रको मृत्यु भएपछि उनीहरूको शव पर्खेर बसेको छु । यहाँ कोही चिनेजानेका मानिस छैनन् । चिनेजानेका मानिस कोही नहुँदा समस्यामा छु । घाइतेहरूलाई उद्धार गरेर अस्पताल लगेको छ । उनीहरूको पनि अवस्था चिन्ताजनक छ । यसप्रति सम्बन्धित निकायको ध्यान जाओस् ।"

दुर्घटनाका मृतक तथा घाइतेहरू रोजगारीका लागि गत पुस ३ गते घरबाट मेघालय गएको छिमेकी श्रेष्ठले जानकारी दिनुभयो । मृतक मगर दाजुभाइमध्ये पूर्णबहादुर विवाहित र सुरेन्द्र अविवाहित रहेको स्थानीयले बताएका छन् ।

रोजगारीको सिलसिलामा मेघालय पुगेका आफन्तको डेढ महिना नपुग्दै दुर्घटनामा परेर मृत्यु भएपछि परिवारका सदस्यहरू चिन्तित बनेका छन् । खोटाङका विभिन्न ठाउँका स्थानीय युवा दिउँदको समयमा काम खोज्दै मेघालय जाने गरेका छन् ।

भारतीय सञ्चार माध्यमका अनुसार सो विष्फोटका घटनामा परेर ज्यान गुमाउनेको सङ्ख्या १८ पुगेको छ । उम्साङघाटमा सञ्चालित कोइलाखानीमा भएको घटनाको विस्तृत जानकारी आउन बाँकी रहेको जनाइएको छ । **रासस**

# अरनिको राजमार्ग : धुलिखेल–खावा सडकखण्ड विस्तारकार्य तीव्र

काभ्रेपलाञ्चोक, २३ माघ । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्यलाई तीव्रता दिइएको छ । लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि पुन:स्तरोन्नति कार्यलाई तीव्रता दिइएको हो ।

डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार १४ महिनामा काम सम्पन्न गर्ने गरी सी-एन ए-वान काली जेभीसँग भ्याटबाहेक रु. ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको थियो । सम्झौताअनुसार पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्र सक्ने र बाँकी अन्य काम क्रमश: गर्दै निर्धारित समयमा सकिने कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिनुभयो । विभिन्न स्थानमा कटिङको कामबाट पुन:विस्तार कार्यलाई तीव्रता दिइएको उहाँको भनाइ छ ।

"आउँदो चैतभित्र कालोपत्रको काम सम्पन्न गर्ने गरी हाल साना संरचना तथा टेवा पर्खाल निर्माणका काम भइरहेका छन्," योगेशले भन्नुभयो । उहाँले चिसो मौसमका कारण सडकमा सतह (सर्फेस) को काम नभएको र चिसो कम हुनेबित्तिकै सतहको काम गरेर चैतभित्र कालोपत्रको कामसक्ने योजना रहेको बताउनुभयो । कालोपत्रको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी सानातिना काम गरिने छ । उक्त सडकखण्ड सात मिटर चौडाइको बन्ने जनाइएको छ । सडकमा रहेको पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोग गरिने छ ।

यसैबिच निर्माण कार्यमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुन: बोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताउनुभयो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो ।

सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । सडक विस्तारको काम गौरी-पार्वतीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु. २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

यसअघि धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम मात्रै भएको थियो भने जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको थियो । निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन ।

अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायतका जिल्लातर्फ जाने मुख्य सडकका रूपमा समेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबिच यात्रा गर्न बाध्य भएका छन् ।

उक्त सडकमा गुड्ने मालवाहक सवारीसाधनको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना जनाएको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनर्निर्माणका लागि भत्काइएको सडकमा दुर्घटना हुँदा सयौँ यात्री घाइते भइसकेका छन् । **रासस**

। सम्पादकीय ।

# पुँजीवादको खराबी र समाजवादको खाँचोबारे सचेतना आवश्यक

निर्वाचन पनि एक वर्गीय र राजनीतिक सङ्घर्ष हो । हरेक निर्वाचनमा नेमकिपाले जनतालाई पुँजीवादको खराबी र समाजवादको अपरिहार्यताबारे सचेत पार्ने काम गर्दै आएको छ । निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिइएको छ । खराबलाई फाल्ने, असललाई तिखार्ने, जनतालाई सचेत र सङ्गठित गर्दै समाज परिवर्तनको निम्ति तयारी गर्ने काम कम्युनिस्ट पार्टीले गर्छ; गर्नुपर्छ । समाजका जालीफटाहा, लोभीपापी, शोषक, सामन्त, षड्यन्त्रकारी, अपराधी, भ्रष्टाचारी र व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने पुँजीवादी तत्त्वहरूलाई हराउन देशका देशभक्त, इमानदार, सिद्धान्तनिष्ठ दलहरू जहिले पनि चनाखो भइरहनुपर्छ । सैद्धान्तिक र व्यवहारिक ज्ञानको फराकिलो पार्दै वर्गीय र राजनीतिक सङ्घर्ष गरेरै जनतालाई सचेत र शिक्षित बनाउने हो ।

निर्वाचनमा कुनै पनि छली, पाखण्डी, विश्वासघाती, षड्यन्त्रकारी, अवसरवादी उम्मेदवारहरूलाई मतदान गरेर जिताउने गलत काम जनताले गर्नु हुँदैन । प्रत्येक मतदाता कसैको लोलोपोलोमा नफसी बहुमत जनताको प्रतिनिधित्व गर्ने, योग्य, इमानदार, नि:स्वार्थी, देशभक्त र परिवर्तन चाहने उम्मेदवार छान्नुपर्छ । मतदाताले पछि प्रायश्चित हुने गरी गलत व्यक्ति या उम्मेदवार चयन गर्नु हुँदैन । यस्तो बेला कसैको लहैलहैमा हिँड्ने होइन । सही राजनीति गर्ने दल र दलका उम्मेदवारहरू चयन गर्नुपर्छ । मतदाताको सानो गल्ती या लापरबाहीले देशको राजस्वमा रजाइँ गर्ने पात्रहरू निर्वाचित हुनसक्छ । यसकारण, यो निर्वाचनलाई हचुवा ढङ्गले सोच्नु हुँदैन; ठीक समयमा सही उम्मेदवार छनोट गर्न मतदाताहरू तयारी हुनुपर्छ ।

देशको गाउँ-गाउँ र बस्ती-बस्तीमा शिशुशाला र बालोद्यानको चौतर्फी विकास गर्नुपर्छ; विकास गरेर महिलाहरूको श्रमशक्तिलाई सहयोग पुऱ्याउनुपर्छ । बालबालिकाहरू मानसिक र शारीरिक विकास गर्न, रोजगारी पाउन र भएको रोजगारी बचाउन पनि शिशुशाला र बालोद्यान आवश्यक हुन्छ । प्रजग कोरियालाई शिक्षा र सरसफाइ भएको देश त्यसै भनिएको होइन । सरकारले हेर्नुपर्ने एउटा पक्ष ज्येष्ठ नागरिकको हेरविचार र पालनपोषण पनि हो । जीवनभर आ-आफ्नो समाज, परिवार, खेत-खलिहान, ज्यासल, कारखाना, कार्यालय, शिक्षालय, साहित्य, सङ्गीत, कला, संस्कृति आदिमा समर्पित देश र जनताप्रति प्रतिबद्ध सेना, प्रहरी, राष्ट्रसेवकको क्षेत्रमा खट्दा खट्दै उमेर पुगेका ज्येष्ठ नागरिकहरूको राज्यले जीवन सुनिश्चितताको लागि जोहो गर्नुपर्छ । त्यसको लागि गर्नुपर्ने एउटा काम राज्यले देशव्यापी आदर निकेतन खोल्ने हो । आदर निकेतन स्थापना गर्न राज्यले स्थानीय तह, प्रदेश र केन्द्रलाई नीति निर्माण गराउनुपर्ने धारणा नेमकिपाको हो ।

ज्येष्ठ नागरिक, अशक्त, टुहुराटुहुरीको आवश्यक व्यवस्था मिलाउन राज्य अघि सर्नुपर्छ । किसान, मजदुर र कामदारवर्गको हितमा कानुन बनाउन, प्राकृतिक स्रोत र सम्पदा संरक्षण गर्न, कृषिमा आत्मनिर्भर बनाउन, देशलाई सिक्किम बनाउन खोज्नेहरूविरुद्ध लड्न, देशको सीमा सुरक्षा र सार्वभौमिकताको रक्षा गर्न लड्ने दल र दलका नेताहरू देशको निम्ति खाँचो छ । भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरुद्ध सङ्घर्ष चालु राख्नुपर्ने देशको आवश्यकता हो । अव्यवस्थित विकास रोकेर देशको सन्तुलित विकास गर्न र गराउन पहल गर्ने, सरकारको ध्यानाकर्षण गर्ने दल र दलका उम्मेदवारहरूलाई मतदाताले निर्वाचित गर्नुपर्छ । मतदाताले मतदानको बेला सोचविचार नगरी जोकोहीलाई जिताएकै कारण देशको हालत यो स्थितिमा पुगेको हो ।

सन्दर्भ

# शासक दलहरूको मनपरीमा अङ्कुश लगाउन नेमकिपाको जरुरी

राज्यको चौथो अङ्ग आमसञ्चार हो । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनबारे केही सञ्चार प्रतिनिधिहरू भक्तपुर नगरपालिकाका प्रतिक्रिया लिने नाममा जनतालाई जबरजस्ती नेमकिपाको विरोधमा बोल्न लगाउने प्रयासमा देखिन्छ ।

भर्खरै एउटा सञ्चारमाध्यमले 'नेमकिपा भक्तपुर क्षेत्र नं १ आफ्नो गढ जोगाउने दाउमा' जस्ता समाचार सम्प्रेषण गरी नेमकिपा राजनीतिक रूपमा 'कन्जरभेटिभ' भएको समेत आरोप लगायो । नेमकिपाको राजनीतिक आदर्श उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने 'समाजवाद' हो । पुँजीवादी समाजभन्दा अघि बढेको समाजवादी समाज हो । तर, उक्त सञ्चारमाध्यमले नेमकिपालाई 'कन्जरभेटिभ' (परम्परागत) आरोप लगायो । यो झूट हो ।

बहुदलीय व्यवस्था पुन:स्थापनायता ३५ वर्षको प्रजातन्त्र र गणतन्त्रमा पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री भएका सबै शासक दलहरू सामन्तवादी र पुँजीवादी अर्थात् 'कन्जरभेटिभ' पार्टी हुन् । यो यथार्थलाई ढाकछोप गर्न उक्त सञ्चारमाध्यमले 'नेमकिपाको विरासत कायमै रहला' जस्ता प्रश्न उठाएको सामयिक छैन । नेमकिपाले जस्तै शासक दलहरूले देश र जनताको नि:स्वार्थ सेवा गरेको भए भदौ २३ र २४ गतेको दुर्घटनासमेत हुने थिएन । नेपालका सञ्चारमाध्यमहरूले प्रम, उपप्रम र मन्त्री भएका शासक दलहरूको गुणगानमा लाग्दा देश यो सङ्कटमा पुगेको होइन ?

हो, राजनीति बुझेका नेपालीले देशभरिका निर्वाचन क्षेत्रबाट नेमकिपाका उम्मेदवारलाई जिताएमा संसद्मा देश र जनताको पक्षमा बोल्नेहरूको मत बलियो हुनेछ र शासक दलहरूको मनपरीमा अङ्कुश लगाउन मद्दत पुग्नेछ ।

# इरानमाथिको सम्भाव्य अमेरिकी सैन्य कारबाहीले निम्त्याउने क्षेत्रीय जोखिम

✍ फराह एन जान

संयुक्त राज्य अमेरिका इरानमाथि सम्भावित हमलातर्फ अघि बढिरहेको देखिन्छ । जनवरी २८ मा राष्ट्रपति डोनाल्ड ट्रम्पले इस्लामिक गणतन्त्रलाई आफ्नो धम्की तीव्र पार्दै सुझाव दिए कि यदि तेहरान मागहरूको एउटा सेटमा सहमत भएन भने उनले 'द्रुतगति र हिंसाका साथ' आक्रमण गर्न सक्छन् । यो खतरालाई जोड दिन पेन्टागनले विनाशकारी बमवर्षक र लडाकु जेटसहित विमानवाहक यूएसएस अब्राहम लिङ्कनलाई त्यस देशको प्रहार दूरीभित्रका स्थानमा साऱ्यो ।

अमेरिकी प्रशासनले इरानका नेतालाई राखेका विभिन्न मागमध्ये प्रमुख भनेको देशको युरेनियम संवर्धन कार्यक्रमको स्थायी अन्त्य हो । यसले ब्यालिस्टिक क्षेप्यास्त्रहरूको विकासमा सीमितता र हमास, हिजबुल्लाह र हुथीलगायत मध्यपूर्वमा प्रोक्सी समूहलाई तेहरानको समर्थन तोड्न पनि आह्वान गरेको छ ।

ट्रम्पले यस क्षणलाई कमजोर अर्थतन्त्र र जनवरीको सुरुमा देशभर



फैलिएको विशाल विरोध प्रदर्शनका कारण कमजोर बनेको इरानलाई निचोड्ने अवसरको रूपमा देखेका छन् । तर, मध्यपूर्वी सुरक्षा राजनीति र अस्त्र प्रसारको एक जानकारको रूपमा मलाई चिन्ता छ । अहिले कुनै पनि अमेरिकी सैन्य कारबाहीले पछि व्यापकरूपमा अनपेक्षित परिणाम निम्त्याउन सक्छ । यसमा तीव्र विश्वव्यापी आणविक प्रसारको सम्भावना पनि समावेश छ, भलै इरानी सरकार आफ्नो वर्तमान सङ्कटको क्षणबाट बच्न सक्षम होस वा नहोस् ।

### इरानको सीमा पाठ

अमेरिकाले सैन्य बल प्रयोग गरे पनि इस्लामिक गणतन्त्रको पतन निश्चित छैन । इरान द्रुत पतनका लागि कमजोर राज्य पनि होइन । नौ करोड ३० लाख जनसङ्ख्या र पर्याप्त राज्य क्षमताको साथ तेहरानमा सङ्कटबाट बच्न निर्मित तहगत जबरजस्ती उपकरण र सुरक्षा संस्था छन् । शासनको हजारौँ सैन्य शाखा र इस्लामिक रिभोलुसनरी गार्ड रहेको अनुमान गरिएको छ । यसले सहायक सेनालाई आदेश दिन्छ वा परिचालन गर्न सक्छ ।

४७ वर्षको शासनपछि इस्लामिक गणतन्त्रका संस्था इरानी समाजमा गहिरो रूपमा गडेका छन् । यसबाहेक, नेतृत्वमा हुने कुनै पनि परिवर्तनले सम्भवत: स्पष्ट धक्का दिनेछैन । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले जनवरी २८ मा अमेरिकी सदनमा सांसदलाई इरानी सरकार ढल्यो भने के हुन्छ भन्ने 'कुनै सरल उत्तर' नभएको बताए । सत्ताको बागडोर कसले सम्हाल्छ भन्ने केही थाहा हुनेछैन । निर्वासित विपक्षी विभाजनले टुक्राटुक्रा भएको छ, घरेलु वास्तविकताबाट अलग्गिएको छ, यति ठुलो र विभाजित देशलाई शासन गर्ने सङ्गठनात्मक क्षमताको अभाव छ ।

अनि यो अनिश्चिततामा खतरा निहित छ । इरान एक 'थ्रेसहोल्ड राज्य' हो, आणविक हतियार उत्पादन गर्ने प्राविधिक क्षमता भएको तर उत्पादनको अन्तिम रेखा पार गरेको देश । अस्थिर थ्रेसहोल्ड राज्यले तीनवटा जोखिम निम्त्याउँछ, आणविक सामग्री र वैज्ञानिकमाथि केन्द्रीकृत कमान्ड गुमाउनु, गुटहरूलाई विशेषज्ञता निर्यात गर्न प्रोत्साहन गर्नु र पतन हुनुअघि सीमा सुरक्षित गर्न दौडिरहेका अभिनेता ।

इतिहासले चेतावनी दिन्छ । १९९० को दशकको सुरुवातमा सोभियत सङ्घको पतनले आणविक सामग्रीको अवस्थामा चिन्ता उत्पन्न गऱ्यो । यसैबिच पाकिस्तानको आणविक कार्यक्रमको तथाकथित पिता वरिपरि केन्द्रित ए.क्यु खान नेटवर्कको गतिविधिले प्रमाणित गऱ्यो कि विशेषज्ञता यात्रा गर्छ खान नेटवर्क उत्तर कोरियादेखि लिबिया र इरानसम्म यात्रा गऱ्यो ।

### आक्रमणमार्फत सन्देश

शासन परिवर्तन भए वा नभए पनि कुनै पनि अमेरिकी सैन्य कारबाहीले विश्वव्यापी प्रसारमा गहिरो प्रभाव पार्छ । थ्रेसहोल्ड राज्यको रूपमा इरानको स्थिति रणनीतिक संयमको विकल्प भएको छ । तर, जब जून २०२५ मा इजरायल र अमेरिकाले इरानको आणविक सुविधामा प्रहार गरे, त्यो आक्रमण र पछिल्लो ट्रम्प धम्कीले स्पष्ट सन्देश दिन्छ कि इरानलाई पनि आक्रमणको जोखिम छ ।

आणविक आकाङ्क्षा भएका अन्य राष्ट्रका लागि सन्देश स्पष्ट छ । पश्चिमासँगको सम्बन्ध सामान्यीकरणको बदलामा लिबियाले २००३ मा आफ्नो आणविक कार्यक्रम त्यागेको थियो । तर, आठ वर्षपछि लिबियाली विद्रोहीको समर्थनमा नेटोको हवाई आक्रमणले लामो समयदेखि शक्तिशाली नेता मुअम्मर गद्दाफीलाई पक्राउपछि हत्या गरेको थियो ।

युक्रेनले १९९४ मा रुस, अमेरिका र बेलायतबाट सुरक्षा आश्वासनका लागि आफ्नो आणविक हतियार त्यागेको थियो । तर, २० वर्षपछि २०१४ मा रुसले २०२२ मा प्रत्यक्ष आक्रमण सुरु गर्नुअघि क्रिमियालाई आफ्नो कब्जामा लियो । अब हामी इरानलाई सूचीमा थप्न सक्छौँ, देशले संयम अपनायो, तैपनि २०२५ मा अमेरिकी बमले आक्रमण गऱ्यो र अब सम्भावित फलो-अप आक्रमणको सामना गरिरहेको छ ।

यहाँ इरानी वरिष्ठ सल्लाहकार मेहदी मोहम्मदीको पाठ बिर्सन सकिँदैन । जनवरी २७ मा सरकारी टीभीमा बोल्दै उनले भने कि वासिङ्टनको माग 'तेहरानलाई नि:शस्त्र बनाएर वासिङ्टनले चाहेको बेला प्रहार गर्ने हो ।'

यदि इरानी नेतृत्व कुनै पनि अमेरिकी आक्रमणबाट बच्न सफल भयो भने मलाई विश्वास छ, उनीहरूले इरानको हतियार कार्यक्रमलाई लगभग दोब्बर बनाउनेछन् ।

### आईएईएको विश्वसनीयतामा प्रश्न

कुनै राष्ट्रको आणविक कार्यक्रमलाई नष्ट गर्ने उद्देश्यले अमेरिकी सैन्य धम्की वा हमलाले अन्तर्राष्ट्रिय संरचनालाई पनि कमजोर बनाउँछ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले इजरायल र अमेरिकी हमलासम्म डिजाइनअनुसार काम गरिरहेको थियो । इरानमाथि आईएईएको निगरानी निरीक्षण व्यवस्थाले काम गरेको एउटा प्रमाण थियो । सैन्य हमला वा तिनीहरूको विश्वसनीय धम्कीमा निरीक्षकहरूलाई हटाउने, अनुगमन निरन्तरतामा बाधा पुऱ्याउने समावेश छ । यदि नियम पालना गर्दा कुनै सुरक्षा प्रदान गर्दैन भने नियम किन पालना गर्ने ? आईएईएको विश्वसनीयता र आणविक चिन्तालाई कम गर्न अन्तर्राष्ट्रिय कूटनीति र अनुगमनको सम्पूर्ण प्रणालीको विश्वास खतरामा छ ।

### डोमिनो प्रभाव

आफ्नो आणविक विकल्पको मूल्याङ्कन गर्ने हरेक राष्ट्रले अमेरिका र इरानबिचको यो पछिल्लो गतिरोध कसरी अन्त्य हुन्छ भनेर हेरिरहेका छन् । इरानको क्षेत्रीय प्रतिद्वन्द्वी साउदी अरेबियाले आफ्नो आणविक महत्त्वाकाङ्क्षाबारे कुनै गोप्य कुरा राखेको छैन, युवराज मोहम्मद बिन सलमानले सार्वजनिक रूपमा घोषणा गरेका छन् कि यदि इरानले आणविक हतियार बनाएमा साउदीले पनि बनाउनेछ ।

तैपनि, इरानमाथि अमेरिकी हमलाले वासिङ्टनका खाडी सहयोगीलाई आश्वस्त पार्ने छैन । बरु, यसले उनीहरूलाई अस्थिर बनाउन सक्छ । जून २०२५ मा इरानमाथि अमेरिकी हमला साउदी अरेबिया वा इरानलाई होइन, इजरायललाई बचाउन गरिएको थियो । खाडी नेताहरूले निष्कर्ष निकाल्न सक्छन् कि अमेरिकी सैन्य कारबाहीको प्रवाह उनीहरूलाई नभई अमेरिकी छनोटका देशलाई मात्र हुनेछ ।

उदाहरणका लागि, आणविक शक्ति सम्पन्न पाकिस्तानसँग साउदी अरेबियाको बढ्दो रक्षा सहयोगले अमेरिकी अविश्वसनीयता र क्षेत्रीय अस्थिरताविरुद्धको बचावको प्रतिनिधित्व गर्छ । खाडी राज्यले पाकिस्तानी सैन्य क्षमतामा ठुलो लगानी गरेको छ ।

यसैबिच, टर्की नेटोको आणविक व्यवस्थाबाट चिढिएको छ र बारम्बार उसको निष्पक्ष क्षमतामा चासो देखाएको छ । राष्ट्रपति रेसेप तैयप एर्दोगानले २०१९ मा प्रश्न गरेका थिए कि यस क्षेत्रका अरूसँग आणविक हतियार हुँदा टर्कीले किन आणविक हतियार राख्नुहुँदैन ? इरानमाथिको आक्रमण, विशेषगरी टर्कीले विरोध गर्ने आक्रमणले सम्भावित रूपमा गम्भीर स्वदेशी हतियार कार्यक्रमलाई उत्प्रेरित गर्नसक्छ ।

### उदाउँदो प्रति-व्यवस्था

अरब खाडी राजतन्त्रले यी जोखिम निश्चित रूपमा बुझेका छन्, जसले इरानविरुद्ध सैन्य कारबाहीविरुद्ध ट्रम्प प्रशासनलाई पैरवी गर्नुको कारण व्याख्या गर्न केही हदसम्म मद्दत गर्छ ।

अमेरिकी नेतृत्वमा रहेको क्षेत्रीय सुरक्षा संरचना पहिले नै तनावमा छ । यदि खाडी साझेदारले आफ्नो सुरक्षा सम्बन्धलाई विविधीकरण गरे र अमेरिकी अप्रत्याशितताबाट बच्न सके भने यो अझ भड्कने जोखिममा छ । फलस्वरूप, ट्रम्प प्रशासनको धम्की र इरानविरुद्ध सम्भावित हमलाले अमेरिकी प्रभाव बढाउने होइन, बरु क्षेत्र प्रभावका प्रतिस्पर्धात्मक क्षेत्रमा विभाजित हुँदा कम प्रासङ्गिकता निम्त्याउन सक्छ ।

सायद सबैभन्दा डरलाग्दो कुरा मलाई डर छ कि यसले प्रत्येक आकाङ्क्षी आणविक राज्यलाई बम राखेर मात्र सुरक्षा प्राप्त गर्न सकिन्छ भनेर सिकाउन सक्छ ।

*(जान युनिभर्सिटी अफ पेन्सलभेनियामा इन्टरनेसनल रिलेसनकी वरिष्ठ उपप्राध्यापक हुन् ।)*

*– 'द कन्भर्सेसन' बाट*

# तिब्बतको उपद्रवको पृष्ठभूमि

✍ प्रा. माणिकलाल श्रेष्ठ

केही दिनयता चीनको स्वशासित क्षेत्र तिब्बतमा उपद्रव मच्चिँदै आएको छ, सार्वजनिक सम्पत्ति धेरै विनाश गरिदै आएको छ, केहीको ज्यान गएको छ। यी गतिविधिमा संलग्न भएकाहरूले यसलाई स्वयंस्फुर्त 'विद्रोह' अथवा 'जनता' को असन्तोष भनेका छन्। केहीले यसलाई 'चिनियाँ कब्जाबाट स्वतन्त्र हुने तिब्बती जनताको आन्दोलन' बताए। चिनियाँ अधिकारीहरूले यसलाई 'साम्राज्यवादी दलालहरू' र 'षड्यन्त्रकारी तत्त्वहरू' को निर्देशनमा भएको 'मुठीभरका आपराधिक हुल्याहाहरू' को 'ध्वंसात्मक तोडफोड' भनेका छन्। यस विषयमा निष्पक्ष र वस्तुगत विश्लेषण गरौँ।

**साँचो माग**

यो लेखकको विचारअनुसार जनतासँग आत्मनिर्णयको अधिकार छ र आफ्नो भाग्यको निर्णय गर्ने पूर्ण अधिकार हुन्छ। त्यसकारण, हरेक राष्ट्रसँग आफैलाई स्वतन्त्रतापूर्वक शासन गर्ने अधिकार सुरक्षित हुन्छ। यदि तिब्बती जनता त्यस्तो इच्छा राख्छन् भने तिनीहरूमा आफ्नो स्वतन्त्र राज्य स्थापना गर्ने र अलग्ग गर्ने अधिकार हुन्छ - यद्यपि मलाई विश्वास छ, तिब्बत चीनको भूभाग हो र धेरै पहिलेदेखि चीनको स्वायत्त प्रान्त रहँदै आएको छ। जनवादी गणतन्त्र चीनको स्थापनापछि चीनबाट तिब्बत 'कब्जा' को तथाकथित कथा आधारहीन छ र अन्तर्राष्ट्रिय समुदाय तथा तिब्बतबाट फालिएका सामन्ती दास मालिकहरूबाट प्रचारित नाङ्गो झूट हो। मुख्य प्रश्न 'स्वतन्त्र तिब्बत' तिब्बती जनताको साँचो माग हो वा तिब्बतका पूर्वसामन्ती शासक गुटको नारा हो ?

सन् १९३३ मा बेलायती आरोहीहरूले संसारको सर्वोच्च शिखर सगरमाथा नेपालको तर्फबाट चढ्न सुरु गरेको इतिहासले देखाउँछ। तिनीहरू उत्तरतर्फबाट चढ्ने बेला आरोही दलले बेलायती उपनिवेशको भारतीय सरकारबाट भनिएझैँ तिब्बतको सरकार अथवा दलाई लामाको मन्त्रिमण्डल) 'कास्या' (Kasya) बाट होइन, चीनको केन्द्रीय सरकारबाट अनुमति खोजेको र पाएको थियो।

सन् १९२३ मा चीनको तिब्बती प्रान्त र बेलायती उपनिवेशको भारतबिच सीमा रेखाङ्कन गर्न बेलायती भारत सरकार र चिनियाँ सरकारको प्रतिनिधि (तिब्बती सरकारको होइन) बिच सिम्ला वार्ता भएको थियो। बेलायती भारतबाट प्रस्तावित भारत र सिन्कियाङ कोमिङताङ सरकारको प्रतिनिधिले अस्वीकार गरेको हुँदा वार्ता असफल भएको थियो। ( Sinkiang) र पश्चिमी तिब्बतबिचको म्याकमोहन (McMohan) रेखालाई चीनको भारतमा शरण जान उक्साएर चीनबाट तिब्बत अलग्ग गर्ने योजना बनाए। त्यसबेला संरा सन् १९५९ मा संरा अमेरिका र भारतले दलाई लामा र उसका सहयोगीहरूलाई अमेरिकाले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा 'चिनियाँ कम्युनिस्ट पार्टीबाट तिब्बत कब्जा' को विषय उठायो र स्वतन्त्र तिब्बतको माग गर्‍यो। त्यसबेला चीनको तर्फबाट सुरक्षा परिषद्मा स्थायी प्रतिनिधित्व गर्ने कोमिङताङ सरकारका ताइवानी प्रतिनिधिले समेत तिब्बत चीनको अभिन्न अङ्ग भएको र चीनबाट कब्जा गरिएको भन्ने प्रश्न उठ्न नसक्ने बताए।

सन् १९११ को सुरुमा डा. सनयात सेनले चीनको राजतन्त्र फालेर उदार प्रजातान्त्रिक गणतन्त्र स्थापना गरेको र चीनको पहिलो संसद् गठन गरेको बेला दलाई लामाको तिब्बतको सरकार ( स्थानीय सरकार) ले चीनको संसद्मा तिब्बतको प्रतिनिधित्व गराउनुपर्ने माग राखेको थियो। त्यसपछि तिब्बतको निम्ति छुट्याइएको दुई स्थानमा दुईजना व्यक्ति तिब्बतले मनोनीत गरेको थियो।



नेपालले तिब्बतमा आक्रमण गरेपछि सन् १७९१-९२ मा सुरु भएको नेपाल चीन युद्धको बेला तिब्बतको सरकारले चिनियाँ सम्राटलाई नेपाली गोर्खा सैनिकले 'सम्राट' (चीनको सम्राटको अर्थमा) को भूभागमा आक्रमण गरेको जाहेर गरेको थियो।

तत्कालीन दलाई लामा (चिनियाँ सम्राटबाट दलाई लामाको पदवी पाउनु अगाडि नै) मरेको बेला तिब्बती अधिकारीहरूले चिनियाँ सम्राटबाट मान्यता प्राप्त गर्न मरेको दलाई लामाको दाहसंस्कार र राज्याभिषेक लामो समयसम्म स्थगित गरेका थिए। मान्यता पाएपछि मात्र दलाई लामाको दाहसंस्कार गरिएको थियो। यो घटनाले दलाई लामा पद सार्वभौम राज्यको शासक होइन, चीनको स्वायत्त प्रान्त तिब्बतको प्रशासन हेर्ने चिनियाँ सरकारबाट नियुक्त स्थानीय सरकार भएको पुष्टि गर्छ।

साँचो अर्थमा तिब्बतको स्थानीय शासक दलाई लामाको नियुक्तिको परम्परा सन् १२५३ देखि मङ्गोल वंशका संस्थापक चङ्गेज खाँ (Founder of the Mongol–Dynasty) को छोरो कुबला खाँ (Kublai Khan) चिनियाँ सम्राटको समयदेखि सुरु भएको हो। कुबला खाँले (त्यसबेलाको एक मङ्गोलियाली भिक्षु) पाँचौँ दलाई लामालाई सम्राटको मातृभाषा मङ्गोलियाली लिपिको आविष्कार वा परिकल्पना गरेको महत्त्वपूर्ण योगदान गरेकोमा तिब्बतको पछिल्लो दलाई शासकको रूपमा पुरस्कृत गरेको थियो।

सन् १९५९ मा स्थापना भएको जनवादी गणतन्त्रको नयाँ चिनियाँ सरकारले तिब्बतलाई न गाभेको थियो न त कब्जा नै गरेको थियो। यसले सामान्यत: प्रजातान्त्रिक सुधार लागू गर्‍यो, सारमा पुरानो सामन्तवादी व्यवस्थाको अन्त्य गर्‍यो र दास मालिकहरूको सामन्ती शासन अन्त्य गर्‍यो। त्यसैकारण, फालिएको शासक गुटले तिब्बतमा चीनको उपस्थितिलाई विरोध गर्दै आएको हो।

सन् १९५१ मा माओ त्सेतुङबाट भएको युगान्तकारी सुधारको महत्त्व स्पष्ट छ। जनवादी गणतन्त्र चीनको केन्द्रीय सरकारबाट सुधार हुनुअगाडि तिब्बतको ३२ लाख जनसङ्ख्यामध्ये २० लाख मानिस दासहरू थिए। यद्यपि १२ लाखमात्र दास मालिकहरू थिए। सन् १९५१ को ऐतिहासिक परिवर्तनले २० लाख दासहरूलाई मुक्त गर्‍यो र त्यसपछि उनीहरू नै तिब्बतको वास्तविक मालिक र आफ्नो भाग्यका मालिक भए। चिनियाँ कम्युनिस्टहरूबाट तिब्बती संस्कृतिको विनाश भएको भनी हो-हल्ला गर्नेहरू र तिब्बतको संस्कृतिको संरक्षणको कुरा गर्नेहरू वास्तवमा दास मालिकहरूको सामन्ती विशेषाधिकारको पुन:स्थापना चाहनेहरू हुन्।

तिब्बती जनसङ्ख्याको अत्यधिक बहुमत भएका मुक्त दासहरू अहिले आफ्नो स्वायत्त प्रदेशको प्रशासनको नियन्त्रण गर्छन्। तिब्बतको पहिलेको प्रशासनमा शासक भिक्षु समुदायका सदस्यहरू धार्मिक कार्यमा मात्र सीमित थिएनन्, राज्य व्यवस्थाको मालिक पनि थिए। एक जना प्रख्यात जापानी बौद्ध भिक्षु एकाइ कावा गुची (Ekai Kawa Guchi) ले बीसौँ शताब्दीको शासक तिब्बती भिक्षुहरू धार्मिकमात्र थिएनन् दुष्ट र पाखण्डीसमेत भएको टिप्पणी गरेका थिए। त्यो टिप्पणी तिब्बतका सम्पूर्ण भिक्षुहरूको लागि लागू थिएन, बरु सामन्ती शासक भिक्षु गुटलाई मात्र लागू थियो।

**उक्साउने काम**

सन् १९५९ मा दलाई लामा र उसका साथीहरूको सानो समूहले मुक्त भएको तिब्बतबाट नयाँ क्रान्तिकारी बन्दोबस्त उखेल्न अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसँग साठगाँठ गर्‍यो। त्यसो गर्न नसकेपछि तिनीहरू भारत भागे। अहिले उही गुटले संरा अमेरिकाको उक्साइमा तिब्बतमा समस्या निम्त्याउन कोसिस गर्दै छ। यस्तो अवस्थामा नेपाल सरकारले नेपाली माटोमा तिब्बतविरोधी गतिविधि हुन नदिन उच्च सतर्कता अपनाउनु आवश्यक छ।

[Behind The Disturbances in Tibet–The Rising Nepal, 27 March 2008]

# तिब्बती प्रहरीको ठुलो संयम

✍ उ चियाओ (Wu Jiao)

१ चैत २०६४ अर्थात् यस वर्षको मार्चको दोस्रो हप्ताको शुक्रबार ल्हासामा भएको हुलदङ्गा नियन्त्रण गर्ने क्रममा तिब्बती प्रहरीले कुनै साङ्घातिक पाइला नचाली ठुलो संयम देखाएको कुरा तिब्बत स्वायत्त प्रदेश सरकारका अध्यक्ष छिआङ्पा पुन्कोग (Qiangba Puncog) ले सोमबार बताए।




"हुलदङ्गामा ठुलो धन-जनको क्षति भएको र सामाजिक अवस्था खल्बलिएको पेइचिङको एक समाचारलाई उनले जनाए।

ल्हासा सहरमा त्यस दिन भएको हिंसामा कुटपिट, धनजनको क्षति, लुटपाट र आगजनी भएको थियो। हुलदङ्गा गर्नेहरूले ३०० भन्दा बढी ठाउँमा २१४ घर र पसलहरूमा आगो लगाए तथा ५६ सवारी साधनहरू आगो लगाए वा ध्वस्त पारे।

एक ठाउँमा हुलदङ्गा गर्नेहरूले एक जना मानिसलाई पेट्रोल छर्केर आगो लगाई मारे।

"६१ जना सैनिक प्रहरी घाइते भए। तीमध्ये ६ जनाको अवस्था गम्भीर छ। हुल्लड्बाजहरूले एक प्रहरी अधिकारीलाई बेहोस हुने गरी कुटे तथा फिलाबाट हात आकारको मासु काटिदिए" उनले बताए।

"कानुनी कारबाहीमा सरकारी सुरक्षाकर्मी र प्रहरीले ठुलो संयम देखाए। सुरक्षा शक्तिले कारबाहीको क्रममा कुनै पनि घातक हतियारहरूको प्रयोग गरेन र अश्रु ग्याँस र पानीको फोहरा मात्रै प्रयोग गरिए।"

प्रादेशिक सरकारले तुरुन्तै आगो निभाउन, घाइतेहरूको उद्धार गर्न र अस्पताल, विद्यालय, बैङ्क र सरकारी कार्यालयहरूको सुरक्षा गर्न तत्काल सङ्गठित कार्य दलका शक्तिहरू खटाइयो।

हुलदङ्गालाई दबाउन सैनिक प्रयोग नगरिएको तर उद्धार कार्यमा सैनिकहरू प्रयोग भएको उनले बताए।

कानुन लागू गर्ने निकायहरूले आत्मसमर्पण गर्ने हुल्याहाहरूलाई क्षमा दिने सूचना एक हप्ताभन्दा बढी प्रचार गरे।

प्रकाशित सूचनामा 'यदि ती मानिसहरूले अपराधमा संलग्न अरु मानिसहरूको सूचना उपलब्ध गरेमा उनीहरूलाई नरम व्यवहार गरिनेछ' भन्ने उल्लेख भएको पुन्कोगले बताए।

"हुलदङ्गामा ठुलो अपराध गर्ने व्यक्तिले कानुनबमोजिमको सजाय भोग्नुपर्नेछ।"

कसैले आत्मसमर्पण गरे नगरेको भने आफूलाई थाहा नभएको उनको भनाइ थियो।

छियाङ्पा पुन्कोगले सो हुलदङ्गा देशी तथा विदेशी विखण्डनकारीहरूले गरेको षड्यन्त्रको परिणाम भएको बताए।

यसको पूर्व योजना, गठन र प्रमुख योजनाकार दलाई लामाको गुट भएको उनले बताए, "ओलम्पिक खेलको अप्ठेरो घडीमा ध्वंसात्मक गतिविधिबाट विश्वका जनताको ध्यान आकृष्ट गर्ने हेतुले गरिएको अतिवादी कार्यमा विखण्डनकारीहरू र गैरकानुनी तत्त्वहरूको संलग्नता छ।"

छियाङ्पा पुन्कोगले केही पश्चिमीहरू र दलाई लामा समूहले हुलदङ्गालाई 'शान्तिपूर्ण प्रदर्शन' भनी समाचार बङ्ग्याएर प्रचार गरेबाट आफू आक्रोशित भएको बताए।

कुनै पनि प्रजातान्त्रिक देशले ल्हासामा भएको जस्तो हुलदङ्गामा प्रदर्शित पाशविकता सहन नसक्ने उनको दाबी थियो।

अहिले केन्द्रीय सरकारको नेतृत्वमा सामाजिक स्थिरता र सामाजिक व्यवस्था सन्तुलनमा आउनेमा उनले विश्वास व्यक्त गरे।

"सामाजिक व्यवस्था खल्बलाउन वा तिब्बतलाई चीनबाट छुटाउन गरिने कुनै पनि दुष्कार्य तिब्बती जनताको इच्छाविरुद्ध हुनेछ र त्यस्ता कार्य असफल हुनेछ" उनले बताए।

यता चिनियाँ विदेश मन्त्रालयले युरोप र संयुक्त राज्य अमेरिकामा दलाई लामासँग सम्बन्ध भएका तिब्बतीहरूले चिनियाँ दूतावासहरूमाथि गरेको आक्रमणको निन्दा गरेको छ।

हुल्याहाहरूले चिनियाँ राजदूतावासका झ्याल र ढोकाहरू फुटाएका छन् - प्रवक्ता ल्यू चेइन्को ( Liu Jiencohao) ले बताए। उनले चिनियाँ नियोगहरूमा सुरक्षा स्थिति बलियो पार्न विदेशी सरकारहरूलाई आग्रह गरे।

"तिब्बती स्वतन्त्रतावादीहरूले प्रदर्शन गरेको ज्यादतीले पुन: दलाई लामा गुटको विखण्डनवादी प्रकृति, धर्मको पाखण्ड र शान्तिपूर्ण तथा अहिंसात्मक प्रचारको प्रपञ्च उदाङ्गिएको छ" ल्यूले बताए।

[Tibet–police exercised 'great restraint'–China Daily / The New Worker 21 March 2008]

***प्रस्तुति : निभा***

***स्रोत : तिब्बत: उपद्रव र यथार्थ २०६५***



संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यको हुट्टो सहरमा ट्रम्प प्रशासन र अमेरिकी सङ्घीय आप्रवासन तथा भन्सार कार्यान्वयन बल (आईसीई) विरुद्धको प्रदर्शन तथा सभा गर्दै हाइस्कूल तथा मिडल स्कूलका सयौँ विद्यार्थीहरू फेब्रुअरी ५, २०२६ का दिन। *तस्बिर : जे न्यान्नर/अस्टिन अमेरिकन स्टेटसम्यानमार्फत एपी*

# डलरको मूल्यमा गिरावट भए पनि अफगानिस्तानमा खाद्यान्नको मूल्य वृद्धि

काबुल, ६ फेब्रुअरी (एएनआई)। डलरमा लगातार गिरावटको बावजुद खाद्य पदार्थको मूल्य निरन्तर बढ्दा अफगानिस्तानको आयातमा निर्भर अर्थतन्त्रले चुनौतीको सामना गरिरहेको टोलो न्यूजले जनाएको छ।

विगत सात महिनादेखि घरेलु बजारमा डलर कमजोर भई हाल प्रतिडलर करिब ६५ अफगानीमा कारोबार भइरहेको जनाइएको छ। यद्यपि, पिठो, चामल र खाना पकाउने तेल जस्ता आवश्यक वस्तुहरूको मुल्य तीव्र वृद्धि रेकर्ड गरेको छ।

टोलो न्यूजलाई उद्धृत गर्दै एक प्रतिवेदनले विनिमय दर घटे तापनि प्रमुख वस्तुहरूको मूल्य १००- १,००० अफगानभन्दा बढीको बिचमा बढेको बताइएको छ। यसैबिच, द अफगानिस्तान बैङ्कले सतर्क मौद्रिक व्यवस्थापनका कारण अफगानिस्तान यस क्षेत्रको सबैभन्दा स्थिर मुद्राहरूमध्ये एक रहेको उल्लेख गरेको टोलो न्यूजले जनाएको छ।

केन्द्रीय बैङ्कका प्रवक्ता हासिबुल्लाह नूरीले विवेकपूर्ण र सन्तुलित मौद्रिक नीतिहरूको कार्यान्वयन, निर्यात वृद्धि, अधिक पारदर्शिता, लागु औषध तस्करीको रोकथामको माध्यमबाट केन्द्रीय बैङ्कले राष्ट्रिय मुद्राको स्थिरतालाई बलियो बनाउन मद्दत गरेको बताउनुभएको छ।

विविध आश्वासनहरूका बाबजुद, बढ्दो लागतले विशेषगरी दैनिक आवश्यकताहरू पूरा गर्न सङ्घर्ष गरिरहेका कम आय भएका परिवारहरूमा दबाब बढाएको जनाइएको छ।

चेम्बर अफ कमर्स एन्ड इन्भेस्टमेन्टले मूल्यवृद्धिलाई मुद्रा चालमा मात्र श्रेय नदिई बजारलाई स्थिर बनाउन कदम चालेकोमा जोड दिएको टोलो न्यूजले जनाएको छ।

चेम्बर अफ कमर्स एन्ड इन्भेस्टमेन्टका कार्यवाहक प्रमुख मोहम्मद वली अमिनीले निजी क्षेत्रका माध्यमबाट चेम्बर अफ कमर्सले खाद्यान्न र आवश्यक वस्तुहरूको पर्याप्त उपलब्धता सुनिश्चित गर्न प्रयास गरिरहेको बताउनुभएको छ।

टोलो न्यूजले चलिरहेको आयात र पारवहन प्रतिबन्धहरूले दैनिक ज्यालामा निर्भर हुने कमजोर परिवारहरूमा भारी असर गरिरहेको छ जनाएको छ।

# सीजीटीएन सर्वेक्षण : मिलानो कोर्टिना २०२६ हिउँदे ओलम्पिक बरफ र हिउँदे खेल मात्रै होइन

पेइचिङ, ६ फेब्रुअरी (सीआरआई)। हिउँदे ओलम्पिक 'इटालियन मोमेन्ट' मा प्रवेश गर्न लागिसकेको अवस्थामा विश्वको दृष्टि फेरि एकपटक हिउँदे खेलकुदतर्फ तानेको छ। सीजीटीएनले विश्वव्यापी नेटिजन्सबिच गरेको एक सर्वेक्षणले ६१.२ प्रतिशत सहभागीहरूले ओलम्पिक मूल्यहरूले अन्तर्राष्ट्रिय समुदायमा समावेशिता बढाउन सक्ने विश्वास व्यक्त गरेका छन्। उनीहरूले हिउँदे ओलम्पिकले राष्ट्रहरूबिच संवाद, आदानप्रदान र सहयोग प्रवर्द्धन गर्न महत्त्वपूर्ण मञ्चको रूपमा काम गर्ने आशा गरेका छन्।

यस वर्षको हिउँदे ओलम्पिकले हरित कदमहरूलाई जोड दिएका छन्। टर्च, पदक र स्थल निर्माणमा समेत दिगो र वातावरणमैत्री डिजाइनहरू समावेश गरिएका छन्। सर्वेक्षणअनुसार, ५८.१ प्रतिशत सहभागीहरूले यो हरित र कम कार्बन विकासको खोजीमा सकारात्मक प्रतिक्रिया भएकोमा सहमति जनाएका छन्। यसबाहेक, ७५.२ प्रतिशतले ओलम्पिकको आयोजना आयोजक सहरलाई सडक, रेलमार्ग र स्थलहरूको पुन:निर्माण, नव निर्माण तथा पूर्वाधार सुधारका लागि महत्त्वपूर्ण अवसर प्रदान गरेको बताए।

साथै, कृत्रिम बुद्धिमत्ताद्वारा सञ्चालित प्राविधिक नवप्रवर्तनहरू हिउँदे ओलम्पिक प्रसारणको मुख्य आकर्षण हुने छन्। सर्वेक्षणअनुसार, ६२.४ प्रतिशत सहभागीहरू वास्तविक समय ३६० डिग्री रिप्ले प्रणालीहरू जसले केही सेकेन्डमै रिक्याप विवरणहरू दिनसक्छन् र एआई मार्ग ट्र्याकिङ प्रणालीलगायतका सुविधाहरूको अपेक्षा गरिरहेका छन्।

विशेषगरी, चाइना मिडिया ग्रुप (सीएमजी) ले २०२६ हिउँदे ओलम्पिकका लागि हेर्ने अनुभवमा नयाँ आकार दिन अभूतपूर्व भूमिका खेल्ने निश्चित छ। सीएमजी खेलकुदमा ८ के अन्तर्राष्ट्रिय सार्वजनिक सङ्केतहरूको उत्पादनमा संलग्न एकमात्र विश्वव्यापी मिडिया सङ्गठन हुनेछ। साथै उद्घाटन र समापन समारोहहरूको ८ के अन्तर्राष्ट्रिय सार्वजनिक सङ्केतको प्रमुख प्रदायकको रूपमा सेवा गर्ने छ र पहिलोपटक फिगर स्केटिङ र सर्ट ट्र्याक स्पीड स्केटिङका लागि अन्तर्राष्ट्रिय सार्वजनिक सङ्केतहरू उत्पादन गर्नेछ।

सर्वेक्षण सीजीटीएनको अङ्ग्रेजी, स्पेनी, फ्रान्सेली, अरबेली र रुसेली प्लेटफर्महरूमा जारी गरिएको थियो, जहाँ २४ घण्टाभित्र ८,८५४ सहभागीहरूले आफ्नो विचार साझा गरेका थिए।

# काबुलको कूटनीतिक दबाबपछि यूएईद्वारा सयभन्दा बढी अफगान कैदीहरू रिहा

काबुल (अफगानिस्तान), ६ फेब्रुअरी (एएनआई)। संयुक्त अरब इमिरेट्स (युएई) ले अफगानिस्तानको विदेश मन्त्रालयको विशेष निर्देशन र युएईमा इस्लामिक इमिरेट्सको दूतावासको लगातार कूटनीतिक प्रयासपछि राष्ट्रिय दिवसको अवसरमा एक सय १०० भन्दा बढी अफगान नागरिकहरूलाई जेलबाट रिहा गरेको जनाएको छ।

रिहा भएका केही व्यक्तिहरू अफगानिस्तान फर्के सकेको र बाँकीका लागि फिर्ती प्रयास भइरहेको र आवश्यक कानुनी प्रक्रिया पछि चाँडै फर्किने जनाइएको छ।

विदेश मन्त्रालयले युएई सरकार र यसका सम्बन्धित अधिकारीहरूलाई उनीहरूको सहयोगका लागि कृतज्ञता व्यक्त गर्दै विदेशमा रहेका अफगान कैदीहरूको रिहाइको अनुगमन र सुरक्षा मन्त्रालयको प्रमुख प्राथमिकता रहेको बताएको छ।

टोलो न्यूजले राजनीतिक विश्लेषक सैयद गरिबुल्लाह सादतलाई उद्धृत गर्दै यो प्रक्रियालाई थप व्यवस्थित गरी विभिन्न राष्ट्रहरूबाट अफगान नागरिकहरूलाई फिर्ता गर्न विदेश मामिला मन्त्रालय र शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयबिच संयुक्त समन्वय समिति गठन गर्ने प्रस्ताव गरेका छन्।

# अस्ट्रेलिया र इन्डोनेसियाद्वारा नयाँ सुरक्षा सन्धिमा हस्ताक्षर



जकार्ता, ६ फेब्रुअरी (एएफपी)। अस्ट्रेलिया र इन्डोनेसियाले दक्षिणपूर्वी एसियाको अर्थतन्त्रमा सहयोग र नयाँ सैन्य प्रशिक्षण सुविधाहरूको लागि मार्गप्रशस्त गर्दै शुक्रबार सुरक्षा सन्धिमा हस्ताक्षर गरेका छन्।

सम्झौताले अस्ट्रेलियाको रक्षा बलभित्र एकजना वरिष्ठ इन्डोनेसियाली अधिकारीलाई समावेश गराउने रक्षा पहललाई सहज बनाउने अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले विज्ञप्तिमार्फत जनाउनुभएको छ।

इन्डोनेसियाको संयुक्त अभ्यास गर्ने क्षमता बढाउन सैन्य प्रशिक्षण सुविधाको विकासमा पनि अस्ट्रेलियाले सहयोग गर्ने उहाँले बताउनुभएको छ।

क्यानबेराले चीनको बढ्दो प्रभावको सामना गर्न एसिया-प्रशान्त क्षेत्रमा आफ्नो सैन्य शक्ति बढाउन खोजिरहेको जनाइएको छ।

अल्बानिजले सन्धिलाई राष्ट्रहरूको सम्बन्धमा एउटा ऐतिहासिक क्षणका रूपमा स्वागत गर्नुभएको छ।

इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले नयाँ सन्धिले असल छिमेकी सिद्धान्तप्रति दृढ प्रतिबद्धता र इन्डोनेसियाको 'स्वतन्त्र र सक्रिय' विदेश नीतिलाई प्रतिबिम्बित गरेको बताउनुभएको छ।

हाल अस्ट्रेलियाका प्रधानमन्त्री अल्बानिज इन्डोनेसियाको पाँचौँ आधिकारिक भ्रमणमा हुनुहन्छ जुन शनिबार समापन हुँदै छ।

उहाँले यो सन्धिलाई सुरक्षा र रक्षा सहयोगको रूपमा वर्णन गर्दै अस्ट्रेलियामा इन्डोनेसियाको बढ्दो लगानीको प्रशंसा गरेका गर्नुभएको छ। सन्धि सन् २०२४ को रक्षा सम्झौतामा आधारित छ, जसले विवादित एसिया-प्रशान्त क्षेत्रमा घनिष्ठ सहयोगको प्रतिज्ञा गरेको छ।

सन् २०२४ को सम्झौता हस्ताक्षर भएको केही महिनापछि हजारौँ इन्डोनेसियाली र अस्ट्रेलियाली सेनाले पूर्वी जाभामा संयुक्त अभ्यास गरेका थिए।

# चीन लाओसका सर्वोच्च नेताद्वारा 'चीन लाओस मैत्री वर्ष' को शुभारम्भ

पेइचिङ, ६ फेब्रुअरी (सीआरआई)। फेब्रअरी ५ का दिन चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् राष्ट्राध्यक्ष सी चिनफिङले लाओस जनक्रान्ति पार्टी केन्द्रीय समितिका महासचिव एवम् राष्ट्राध्यक्ष टोङ्गलुन सिसौलिथलाई जवाफी पत्र पठउँदै संयुक्त रूपमा सन् २०२६ लाई 'चीन लाओस मैत्री वर्ष' का रूपमा निश्चित पार्नुका साथै शृङ्खलाबद्ध मनाउने गतिविधिको आरम्भ गर्ने घोषणा गर्नुभएको छ।

आफ्नो पत्रमा राष्ट्राध्यक्ष सीले चीनले सधैँ नै रणनीतिक उचाई र दीर्घदृष्टिबाट चीन लाओस सम्बन्धको व्यवहार गर्दै आएको भन्दै लाओससित दौत्य सम्बन्ध कायम भएको ६५ औँ वर्षगाँठ अर्थात् 'चीन लाओस मैत्री वर्ष' का सुअवसरमा परम्परागत मित्रतालाई बिँडो थामेर वास्तविक सहकार्यलाई गहन पारी क्षेत्रीय शान्ति, स्थिरता, विकास र समृद्धिका लागि अझ ठुलो योगदान गर्दै जान चीन इच्छुक रहेको कुरामा जोड दिनुभएको छ।

महासचिव टोङ्गलुनले राष्ट्राध्यक्ष सीलाई पठाएको वसन्त पर्व सम्बन्धी शुभकामना पत्रमा चीनसँग 'चीन लाओस मैत्री वर्ष' का शृङ्खलाबद्ध मनाउने गतिविधिको राम्रोसँग आयोजना गर्ने वचनबद्धता गर्नुभयो।

साथै उहाँले निरन्तर रूपमा उच्च मापदण्ड, उच्च गुणस्तर र उच्च स्तरीय लाओस चीन भाग्य एकरूपताको निर्माण गरी मानव जाति भाग्य एकरूपताका लागि उदाहरण देखाउने अपेक्षा प्रकट गर्नुभएको छ।

# रूसी जनरलमाथि गोली प्रहार

मस्को, २३ माघ (एएफपी)। रूसका एक वरिष्ठ जनरलमाथि शुक्रबार बिहान मस्कोको एक अपार्टमेन्ट भवनमा गोली प्रहार भएको छ। उहाँलाई अस्पतालमा भर्ना गरिएको अधिकारीहरूले बताएका छन्। पछिल्लो समय एक शीर्ष रूसी सैन्य व्यक्तित्वमाथि भएको यो घटनालाई स्पष्ट हत्या प्रयासका रूपमा हेरिएको छ।

प्रमुख गम्भीर अपराधहरूको अनुसन्धान गर्ने रूसको अनुसन्धान समितिले रूसी जनरल स्टाफमा वरिष्ठ भूमिका निर्वाह गरिरहनुभएका जनरल भ्लादिमिर अलेक्सेभमाथि घटनास्थलबाट भाग्नुअघि 'अज्ञात व्यक्तिले धेरै पटक गोली हानेको' जनाएको छ।

"पीडितलाई अस्पतालमा भर्ना गरिएको छ", अनुसन्धान समितिले जारी गरेको विज्ञप्तिमा थप उल्लेख गरिएको छ। घटनामा संलग्न सन्दिग्ध व्यक्ति वा व्यक्तिहरूको पहिचानबारे भने समितिले कुनै विवरण दिएको छैन।

फेब्रुअरी २०२२ मा मस्कोले युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेयता धेरै उच्चपदस्थ रूसी सैन्य अधिकारीहरू मारिएका छन्। तीमध्ये केही आक्रमणको जिम्मेवारी किएभले लिएको छ।

अनलाइन जीवनीअनुसार जनरल अलेक्सेभ एक क्यारियर सैन्य अधिकारी हुनुहुन्छ र हाल रूसी जनरल स्टाफको पहिलो उप-प्रमुखको जिम्मेवारी सम्हालिरहनुभएको छ।

# पठन संस्कृतिको चिन्ता

✍ रियानन लुसी कसलेट

मेरो छोराको सुत्ने कोठामा एउटा सानो पुस्तकालय छ । ती पुस्तकहरू कुनै समय मेरा थिए । कहिलेकाहीँ, ती पुस्तक म हेर्न चाहन्छु । ती पुस्तकले मलाई तुरुन्तै बाल्यकालमा फर्काइदिन्छन् । त्यहाँ तीन गज्जबका भिखारीहरू छन्, सेली स्कटको सर्बियाई परी कथाको पुनर्कथन छ, डायन शेल्डन र ग्यारी ब्लाइथले लेखेको एउटी सानी केटीको किताब छ, जो समुद्री जीवहरूले एकअर्कालाई बोलाएको सुन्ने आशामा रातिहुँदी लुकेर तिनलाई सुन्ने आशामा लुकेर चिहाउने गर्छे ।

यी पुस्तकहरूले मेरो लागि अद्भूत संसारलाई सिर्जना गरे । तिनले मलाई हुर्किएपछि त्यो अद्भूत संसार पछ्याउन सक्षम बनायो । यसको ज्यादै चमत्कारी अनुभव मसँग छ ।

यसै हप्ता, मैले बालबालिकाको पठनका बारेमा बढ्दो 'सङ्कट' का बारेमा एउटा चाखलाग्दो रिपोर्ट पढेँ । त्यो रिपोर्ट चिन्ताजनक त थियो तर पनि केही कुरा ओझेलमा पक्कै परेको हुनुपर्छ ।

त्यो रिपोर्ट पढ्दा के देखिन्छ भने पढ्ने क्षमता मापन गर्ने परीक्षण स्कोरहरूसँग पक्कै पनि सम्बन्धित छैन । बालबालिकामा पढ्ने चासो घट्दै जान थालेको छ । पहिला पहिला बालबालिकाहरू आनन्दका लागि पढ्ने गर्थे तर अचेल आनन्दका लागि पढ्ने क्रम घट्न थालेको छ ।

सन् २०20 मा, अमेरिकाका १३ वर्षसम्मका बालबालिकाहरूमध्ये १७ प्रतिशतले मात्र आनन्दका लागि किताब पढ्ने गरेको बताएका छन् । २०१२ मा आनन्दका लागि पढ्नेको सङ्ख्या २७ प्रतिशत थियो ।

त्यसो त बेलायतमा आनन्दका लागि पढ्नेको सङ्ख्या बढी नै छ । बेलायतको राष्ट्रिय साक्षरता ट्रस्टले ८ देखि १८ वर्ष उमेर समूहका ३५ प्रतिशतले सन् २०२४ मा नियमित रूपमा आनन्द र रमाइलोका लागि पढ्ने गरेको फेला पारेको छ । यो सर्भे दुई दशकदेखि मापन गर्न थालिएको हो । तर दुई दशकअघि आनन्दका लागि पढ्ने बालबालिकाहरूको प्रतिशत आश्चर्यजनक रूपमा घटेको छ ।

सानैदेखि पढ्ने बानीका कारण मेरो बुझाइलाई बृहद् बनाउन सहयोग गर्‍यो । मेरो पढ्ने बानी हुने थिएन भने म कस्ती हुन्थेँ होला ? पक्कै पनि अहिले जत्तिको समाज बुझ्न सक्दिनँ होला ।

किताब पढ्दै गर्दा ६ वर्षको उमेरमा किताब पढेरै मेरो मनमा प्रश्न उब्जिएको थियो कि वास्तवमा सान्ता क्लज किन स्त्री हुन सक्दिन ? टुतानखामुनको श्रापको बारेमा पढ्दा त्यसले मलाई राति पनि तर्साएको थियो । फिलिप पुलम्यानको 'द एम्बर स्पाइग्लास' को अन्त्यमा पुग्दा म पनि पात्रको दु:खमा रून थालेकी थिएँ । त्यो बेला मलाई शोक के हो थाहा भयो ।

सारमा, पुस्तकले मलाई म के हुँ, को हुँ भनी सिकायो र अहिलेको व्यक्ति बनायो ।

स्मार्टफोनको आगमनपछि बालबालिकाहरूलाई रमाइलोका लागि पढ्नुपर्ने वातावरण बिग्रन थाल्यो । वास्तवमा यो कुनै आश्चर्य होइन । खासमा यो मात्र एउटा कारण नहुन सक्छ । स्मार्टफोनले मात्र हाम्रा बालबालिकाहरूको सारा पठन अनुभूतिलाई क्षय गरिदियो भन्ने म मान्दिनँ ।

फुर्सदमा जाने नजिकैको पुस्तकालय जबरजस्ती बन्द हुनु पनि एउटा कारण हुनसक्छ । हाम्रो पालामा पुस्तकालयबाट पुस्तक लैजान पाउनु एउटा अवसर थियो, ज्ञान लिने । म एक पटकमा आठ वटा पुस्तकहरू बटुलेर लैजान्थेँ, स्थानीय पुस्तकालयबाट । त्यो उत्साहको वर्णन म बयान गर्न सक्दिनँ । यही उत्साह पाउने अवसरबाट हाम्रा बालबालिकाहरू दिनदिनै वञ्चित हुँदै जाँदै छन् । उनीहरूको घर अगाडिको पुस्तकालय धमाधम बन्द हुँदै छन् । यसको परिणाम उनीहरू बढीभन्दा बढी सामाजिक सञ्जालमा बिताउन थालेका छन् ।

डिजिटल संसारबाट उनीहरूलाई पुस्तकको संसारमा तान्नु ज्यादै कठिन छ । यस्तोमा जब बालबालिकाहरू डिजिटल संसारलाई पचाउन सफल भएका छन् भने त तिनलाई पुस्तकको संसारमा ल्याउनु अझ कठिन हुनेछ । यस्तोमा हामीले अघिल्लो र पछिल्लो संसारसँग जोड्ने पुलहरू बनाउन जरूरी छ ।

त्यसो त यस्ता भाग्यमानी अभिभावकहरू धेरै नै होलान्, जो हरेक रात आफ्ना सन्तानलाई किताबका अध्यायहरू पढेर सुनाउलान् । कथाका पात्रहरू अभिनय गरेर देखाउलान् । उनीहरूले कथाका विषयवस्तुमाथि छलफल गर्लान् । बालबालिकाका मन पर्ने पात्रहरू, तिनका तस्वीरलाई चुम्बन गरी वातावरण रमाइलो पार्लान् । यस्तो अनुभूत गर्न पाउनु अभिभावकहरूका लागि एउटा आनन्ददायी क्षण हो ।

ती स्वर्गीय अनुभूत गर्ने थोरै अभिभावकमध्ये म पनि एउटी आमा हुँ । मेरा छोराहरूसँग म यस्ता अवसरहरू कहिल्यै पनि चुकाउँदिनँ । यसो गर्नुका पछाडि धेरै कारण छन् । म एउटा सुसम्पन्न परिवारमा हुर्किएँ । मेरो परिवारका लागि पुस्तकहरू अन्य धेरै चिजभन्दा मूल्यवान् ठानिन्थे । मेरा अभिभावकले ती मूल्यवान् चिज किन्ने समय र पैसा दुवै हामीलाई दिन्थे । अहिले म मेरो छोरालाई उसरी नै किताब किनिदिन पाउँदा म भाग्यमानी ठान्छु । मसँग ऊसँगै पढ्न पर्याप्त समय छ । मसँग किताब पढ्ने र उसलाई पढाउने ऊर्जा पनि उत्तिकै छ ।

यस्तो भाग्य सबै परिवारसँग हुँदैन । धेरै परिवारले भयानक आर्थिक दबाब झेलिरहेका हुन्छन् । त्यसमाथि बाल गरिबी उच्च छ । यस्तो बाल गरिबीको अवस्थामा बालबालिकाले किताब किन पढ्दैनन् भनेर गुनगनाउनुको कुनै अर्थ छैन । जब एउटा परिवारले किताब किन्न वा उसलाई पुस्तकालयसम्म डोर्‍याउने समय दिन सक्दैन, त्यसको साटो उसलाई दैनिकी छाक टार्न सङ्घर्ष गरिरहनुपर्छ भने उसको परिवारमा पठन संस्कृति कमजोर हुनु कुनै आश्चर्य हुँदैन । विभिन्न सर्भे, तथ्याङ्कहरूले यस्ता कुरामा बाल दिँदैनन् ।

वास्तवमा पुस्तकहरू महँगो हुन सक्छन् । केही परोपकारी पसलहरूले त दानमा दिने भनेर पुस्तकको बढी मूल्य तिराउँछन् । यस्तोमा ज्यादै कम पैसा लिएर किताब पसल छिरेका अभिभावकहरूले अपमानबोध र अपराधबोध दुवै गर्न थाल्छन् ।

मानौँ कुनै अभिभावकले आफ्ना सन्तानलाई पुस्तकालयसम्म पुर्‍याउन चाहलान्, त्यहाँ जाँदा आउँदाको खर्च र दिनभरि बालबालिकाले त्यहाँ पढ्दा भोकले सातो जान थालेपछि किन्नुपर्ने खाजाको रकम सोचेरै अभिभावकहरूको आँत काप्न थाल्छ ।

अभिभावकहरूले दुई छाकको भातका लागि लामो अवधिसम्म काम गरिरहेका हुन्छन् । कुनै परिवारमा दुईभन्दा बढी सन्तान छन् भने त प्राय: घर पुग्ने, खाना बनाउने र सुत्ने समयमा मात्र उनीहरूबिच झगडा हुँदैन होला नत्र प्राय: जुनसुकै बेला एकआपसमा खिचातानी, हानाहान र झैँ झगडाको अवस्था सिर्जना भइरहेको हुन्छ । यस्तोमा उनीहरूको पठन संस्कृति कसरी बनाउने र बढाउने भन्ने चिन्ता अभिभावकहरूले लिनै सक्दैनन् ।

अहिले स्मार्टफोनरहित बालबालिकाको कुराहरू उठिरहेको छ । तर यो सम्भव छ ? एकातिर अभिभावकहरू बालबालिकालाई पुस्तकालय र पुस्तकसम्म डोर्‍याउन सकिरहेका छैनन्, त्यसमाथि स्मार्टफोनरहित बनाउन थालियो भने बालबालिकाले के गर्लान् ?

अचेल अटेन्सन डिफिसिट अर्थात् ध्यान दिन नसक्ने अवस्था पठन संस्कृतिको सबैभन्दा ठुलो दुश्मनका रूपमा उभिन थालेको छ । म त यस्तो अटेन्सन डिफिसिट देखेर विचलित नै भएकी छु । यस्तो अवस्थामा हामी पुस्तकप्रेमीहरूका लागि कुनै सानो आशा कतै बचेको होला त ?

विकसित मुलुकहरूले विद्यालयहरूमा आनन्दका लागि पठन अभियानलाई प्रोत्साहित गरिरहेका छन् । केही मनकारी तथा परोपकारी संस्थाहरूले यसतर्फ राम्रो काम गरिरहेका छन् । मेरो छोरालाई गत साता दुईवटा नि:शुल्क पुस्तकहरू दिएर घर पठाइयो । बुक ट्रस्टले बालबालिकालाई पुस्तक पढ्न हौस्याउन यस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ।

***(रियानन लुसी कसलेट गार्डियनकी विचार लेखक तथा विभिन्न पुस्तककी लेखिका हुन् ।)***

## लघुकथा

# एक भोट

✍ डा. बालकृष्ण साह

लाइन छिट्टै सर्‍यो । उसका औँलामा मसी अझै लागेको थिएन तर दिमागमा धेरै कुरा थिए । उसको मोबाइल स्क्रिनमा स्टोरीहरू बगिरहेका थिए, "यस पटक परिवर्तन ।" "अब पुराना हुँदैनन् ।" "अब माथि पुर्‍याउनुपर्ने एक जना छ ।"

ऊ पनि त्यही सपना देखेर यहाँ आएको हो तर त्यो सपना यहाँको उम्मेदवार होइन । मतपत्र हातमा आयो । उसले नाम खोजेन, चिह्न पनि खोजेन । उसले अनुहार खोज्यो, जसले काम गरेको होस्, जसले झूट कम बोलेको होस्, जसको जितले उसलाई लाज नलागोस् । लाइनको अर्को युवाले भन्यो, "जे भए पनि नयाँलाई हाल्ने हो ।"

उसले हल्का स्वरमा भन्यो, "नयाँ हुँदैमा सबै ठीक हुने होइन न त पुराना सबै गलत हुन्छन् ।" "माथि पुग्ने सपना साँचो बनाउने हो भने तलबाट नै सही मान्छे पठाउनुपर्छ ।" भन्दै भिडले रोजेभन्दा पर आफूले रोजेर छाप लगायो ।

# अस्तित्व

✍ मुक्ति नेपाली

एक विशेष समारोहमा नेताजीको भव्य स्वागत भयो । एक सय आठ केजीको मालाले उनको घाँटी भरियो । नेताजी दङ्ग परे । मालाले घमण्ड गर्दै फूललाई भन्यो, "हेर, मेरो तागत यस्तो छ कि म सधैँ ठुलाबडाको गलामा झुन्डिन्छु । मलाई पहिरिएपछि मान्छे झन् ठुलो देखिन्छ ।"

फूल मुस्कुरायो, "तिमी मेरो अस्तित्वमा बाँचेको कुरा बिर्सियौ ! म नभए तिमी के हुन्थ्यौ ?" माला झन् फुरफुरियो, "अब फूलमात्रै माला हुने जमाना छैन । दुबो, रुद्राक्ष, पत्थर– सबैको बजार छ । त्यसैले माला भन्नासाथ पहिले मेरो नाम आउँछ ।"

फूल शान्त स्वरमा बोल्यो,"त्यो त हाम्रो बलिदानको मूल्य हो ।" तिम्रो निर्माणमा हाम्रो बलिदान गौरवपूर्ण छ ।

नेताजी भाषण गर्दै थिए । जनताले उच्च पदमा पुगेर केही नगरेको आरोप लगाउँदै विरोध गर्न थाले । होहल्लामै तानातान भयो । नेताजीलाई लछारपछार गर्न थाले । उनले लगाएको माला चुँडियो ।

फूलहरू तितरबितर भए । माला रहेन । फूल भुइँमा छरपस्ट भए । हुलमुलमा सबैका पैताला तिनै फूलमाथि परे ।

# मेरो एक भोट बिक्रीमा छ

✍ सत्य सुवाल

तिमीसँग नोट छ, मसँग भोट
हामी दुवै आ-आफ्नो आवश्यकतामा
थुनिएका छौँ,
त्यसैले लेनदेनको भाषा बोल्छौँ ।
तिमीलाई चुनाव जित्नु छ,
सत्ताको ढोका खोल्नु छ,
मलाई आजको भोक मेट्नु छ,
भोलिको जीवन धान्नु छ ।
यहाँ सिद्धान्तले पेट भरिँदैन,
न त नैतिकताले चुलो बल्छ ।
आज मैले परिवार बचाउन भोट बेचेँ भने,
भोलि तिमी देश विकासको नाममा देशै
बेच्ने छौ ।
फरक यत्ति हो -
म बाध्यताले चुक्छु, तिमी योजनाले ।

त्यसैले चुनाव प्रचारमा आउँदा
गाउँमा सिंहदरबार ल्याउने सपना नदेखाऊ,
जितेपछि रोजगारी दिने कसम नखा ।
म ती कथाहरूमा अब विश्वास गर्दिनँ,
किनकि म धेरैपटक ठगिसकेको छु ।
म कहिले नागरिक थिएँ,
आज ग्राहक बनेको छु ।
यहाँ भोटको मूल्य छ,
इज्जत र स्वाभिमानको छैन ।
यदि तिमीले भोटको मूल्य बढायौ भने,
म हाम्रोलाई जिताउँछु,
राम्रोलाई होइन ।
किनकि, यही देशमा
झोले सधैँ सुरक्षित हुन्छ,
प्रश्न सोध्ने मान्छे सधैँ दोषी ।
इज्जत थन्क्याएर म तिम्रो झन्डा बोक्नेछु,
तिम्रै पक्षमा बोल्नेछु,
झोले कार्यकर्ता बनेर भीडमा हराउनेछु -
सबैलाई भोट दिनू भन्छु,
किनकि,
मेरो एक भोट बिक्रीमा छ ।

# सिद्धान्त र विचारमा भिज्नुपर्छ

✍ विद्रोही राम

लोभलाग्दो आश्वासन र
हल्ला होइन
सिद्धान्त र विचारमा भिज्नुपर्छ ।

यहाँ
भोट माग्दा
सपना बेचिँदैन,
कसम खाइन्छ -
मन्त्री बन्न होइन
सेवा गर्न
र यहीँ जनताको
सबैभन्दा ठुलो विश्वास बन्छ ।

नेतृत्व यहाँ
कुर्सीमा होइन,
गल्ली-गल्लीमा हिँड्छ
सङ्घर्षको अनुभव बोकेर ।

प्राडो-पजेरोको आवाजभन्दा
मादलको ताल ठुलो लाग्छ यहाँ,
किनकि, यो ताल
विदेशी इसारामा होइन
आफ्नै माटोमा बज्छ ।

जेन-जी उठ्दा सहर काप्छ
तर, भक्तपुर स्थिर रहन्छ,
किनकि यहाँ आन्दोलन
फेसबुकबाट होइन
इतिहासबाट बग्छ ।

जल्नेहरू जलिरहन्छ
तर नेमकिपा चलिरहन्छ -
किनकि, यो पार्टी,
एक अभ्यास हो
इमानदारीको ।

जबसम्म जनताको पक्षमा
लड्ने आँट बाँकी छ,
त्यसदिनसम्म यहाँ सत्ता होइन,
सिद्धान्त जितिरहन्छ ।

भक्तपुर तिमीलाई सलाम छ
नेमकिपा तिमीलाई सलाम छ ।

## कविता

# पात्र बदलिएर के गर्नु ?

✍ स्नेह

हो, परिवर्तन चाहिन्छ
परिवर्तन रोकिने पनि हैन
तर, परिवर्तन पात्रमा हैन
प्रवृत्तिमा हुनुपर्छ
२००७, २०४६ र २०६३ साल
के सबै परिवर्तन होइनन् ?
बहुमत ल्याउने, सरकार बनाउने
पात्र फेरिएकै हुन् त
परिवर्तन किन भएन ?
किनभने प्रवृत्ति उही भए,
पात्रमात्र बदलिएर के गर्नु ?

हो, मालिकहरू
थाकेका घोडा फेर्छन्
पञ्चायतपछिको बहुदल
राजतन्त्रपछिको गणतन्त्र
के थाकेको घोडा फेर्नु हो ?
संसद्, सरकार, न्यायालय
आन्दोलनको नाम किन भएन ?
प्रवृत्तिमा परिवर्तन किन भएन ?
के सालिक राख्दैमा होला ?
पुस्ता नयाँ भएर के गर्नु ?
सहिदका सपना नबुझ्नेहरू !
२०८२ माघ २१

# आयो चटक देखाउँदै ठगहरू

✍ माया

आयो उम्मेदवार बनेर
पुराना नयाँ मकुन्डोधारीहरू
अबिर दल्दै, माला लगाउँदै
गाउँदै, नाच्दै आयो
चटक देखाउँदै ठगहरू
कोही प्रधानमन्त्री बनेर
कोही उपप्रधानमन्त्री र कोही मन्त्री बनेर
देश र जनतालाई ठगेकाहरू
देशलाई खरबौं ऋणमा डुबाएर
विकासको ध्वाङ फुक्नेहरू
ऋण तिर्न ऋण थप्नेहरू
ऋणमै तलब खुवाउनेहरू
विस्तारवादका दलालहरू
साम्राज्यवादका गोटीहरू
कोही आर्थिक अपराधीहरू
कोही फौजदारी आरोपीहरू
आयो उम्मेदवार बनेर
पुराना नयाँ मकुन्डोधारीहरू
अबिर दल्दै, माला लगाउँदै
गाउँदै, नाच्दै आयो
चटक देखाउँदै ठगहरू ।
२०८२ माघ २२

# पुँजीवादी सोच

✍ साहिँला

बुद्धिमानी मनले
विचार पुर्‍याउनु
समय छँदै हेर ।
पछि पछुताउनु
बेकार मात्र हुन्छ
बुझ पचाउनेले ।
त्याग तपस्या गरे
अग्रजहरूले नि
सेवा भाव मनले ।
आज भुल्दै छौ किन
बलिदानी सोचको
इतिहास हिजोको ।
सिद्धान्त र विचार त
सबैमा हुनुपर्ने
बेवास्ता गर्दै छन् ।
आफैमात्र खाने त
आफैमात्र लाउने
राम्रो बानी होइन ।
मरेपछिको स्वर्ग
किन चाहियो भनी
भन्दै छ आज भोलि ।
लोभ लालचले
ग्रसित हुँदै छ
पुँजीवादी सोचले ।

# विद्यार्थी निकेतनमा द्वैमासिक शैक्षिक प्रगति प्रतिवेदन प्रस्तुतीकरण

भक्तपुर, २३ माघ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विगतको तुलनामा भक्तपुरको शैक्षिक गुणस्तरमा धेरै विकास भई हाल भक्तपुर शैक्षिक हबको रूपमा अगाडि बढिरहेको बताउनुभयो।




विद्यार्थी निकेतन माध्यमिक विद्यालयको पाँचौँ द्वैमासिक शैक्षिक प्रगति प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा उहाँले २०७२ सालको संविधानले स्थानीय तहलाई धेरै अधिकार दिएसँगै भक्तपुरको शिक्षाको इतिहास हेर्ने हो भने ख्वपको जगमा आज धेरै शैक्षिक संस्थाहरू सञ्चालन गर्दै गुणस्तरीय शिक्षा दिँदै अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप सर्कल उत्कृष्ट कलेजको रूपमा अगाडि बढिरहेको बताउँदै उहाँले नगरभित्र सञ्चालित सरकारी र सामुदायिक विद्यालयहरू व्यवस्थित रूपमा सञ्चालन हुँदै आइरहेको छ भन्नुभयो।

नपाबाट सञ्चालित ख्वप इ. कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङलगायतका कलेजहरूमा धेरै विषय पठनपाठन हुँदै आएको र कलेज आफैँमा विश्वविद्यालयको रूपमा अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले ख्वप अस्पताल सञ्चालन गरी स्वास्थ्य बीमामार्फत सहज र सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउँदै उहाँले नगरवासीहरूको हकहितमा केन्द्रित भई नपाले धेरै गतिविधि अगाडि बढाइरहेको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक न्हुछेबहादुर खाताखोले विद्यालयको शैक्षिक अवस्था र भावी योजनाबारे प्रस्ट पार्दै शिक्षकहरूको साथ र सहयोगले यहाँको शैक्षिक विकासमा टेवा पुगेको बताउनुभयो। उहाँले विद्यालयमा विद्यार्थी सङ्ख्यालाई बढाउन विद्यालयको शैक्षिक स्तरलाई अझ सुधार गर्दै लाने योजना रहेको बताउनुभयो।

कार्यक्रममा शिक्षक कृष्णप्रसाद छुस्याकीले विद्यार्थी निकेतनको शैक्षिक स्तरलाई विगतभन्दा राम्रो बनाउँदै अगाडि बढ्न कोसिसमा लागिपरेको बताउँदै विद्यालयको शैक्षिक उपलब्धिलगायतका विषयमा प्रस्ट पार्नुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, विद्यार्थी निकेतन मावि एकाइका अध्यक्ष रूपकेशरी उलकले पनि बोल्नुभएको थियो।

# भनपा वडा नं. १ मा निर्वाचन परिचालन समिति गठन

भक्तपुर, २३ माघ। प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा भनपा वडा नं. १ मा निर्वाचन परिचालन समिति गठन गर्न स्थानीयहरूको एक भेला भयो।

उक्त भेलामा नेमकिपाका सचिव प्रेम सुवालले बहुदलीय व्यवस्था स्थापनापछि बनेका शासकहरूले पनि बहुमत जनताको सेवा गर्न नसकेको उल्लेख गर्दै सरकारको नेतृत्व पटक-पटक फेरिए पनि जनताको समस्या ज्यूँका त्यूँ रहेको विचार व्यक्त गर्नुभयो।

देश ऋणमा डुब्दै परनिर्भर बन्दै गइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले स्वदेशमै युवाहरूलाई रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

नेमकिपाले सुरुदेखि नै भ्रष्टाचारविरोधी आन्दोलन गर्दै आएको उल्लेख गर्दै सचिव सुवालले विदेशी शक्ति राष्ट्रले गर्ने गरेको अतिक्रमण, आक्रमणको विरोध गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो।

स्वाधीनता र सार्वभौम देशको निम्ति हुने हरेक राष्ट्रिय अन्तर्राष्ट्रिय आन्दोलनमा नेमकिपाले समर्थन र ऐक्यबद्धता जनाउँदै आएको उल्लेख गर्दै उहाँले सुशासन कायम गरी सुन्दर भविष्यको निम्ति देशमा नेमकिपाको खाँचो छ भन्नुभयो।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि कृष्णगोविन्द लाखाजुले देश बनाउने भनी सरकारको नेतृत्व गरेका शासकहरूले देशलाई कमाउ खाने भाँडो बनाएर अस्तव्यस्त पारेको बताउनुभयो।

आयोजक समितिका अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा भएको सो कार्यक्रममा सूर्यप्रसाद श्रेष्ठ, कल्पना शिल्पकारले पनि बोल्नुभएको थियो।

भेलाले कृष्णबहादुर दुगुजूको अध्यक्षतामा निर्वाचन परिचालन समिति गठन गरेको छ।

# बाल विकासमा चिनियाँ नयाँ वर्षको अवसरमा सांस्कृतिक कार्यक्रम

भक्तपुर, २३ माघ। चिनियाँ नयाँ वर्ष तथा वसन्त पर्वको अवसरमा बाल विकास सेकेन्डरी स्कूल लिबालीमा शुक्रबार सांस्कृतिक कार्यक्रम सम्पन्न भयो।




उक्त कार्यक्रममा विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले भाषा र संस्कृति मानव सभ्यताका अनुपम उपहार भएको बताउँदै भाषाले संसारका मानिसलाई एकताको सूत्रमा बाँध्ने धारणा राख्नुभयो।

उहाँले नेपाल र चीनबिच सदिऔँदेखि मित्रता रहेको कुरा उल्लेख गर्दै भाषा र संस्कृतिको आदान-प्रदानले यो सम्बन्धलाई जनस्तरमा पुऱ्याउने विचार व्यक्त गर्नुभयो।

अहिलेको समयमा जति धेरै भाषाको ज्ञान राख्न सक्यो त्यति नै संसार बुझ्न सजिलो हुने भएकाले अभिभावकहरूले आफ्ना नानीबाबुहरूलाई मातृभाषाका साथै अन्य भाषाहरू सिक्न प्रेरित गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो।

उक्त अवसरमा काठमाडौँ विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ भाषाका प्राध्यापक जाङ होई वेले चिनियाँ संस्कृतिको इतिहास धेरै लामो रहेको उल्लेख गर्दै उक्त कार्यक्रम चिनियाँ संस्कृतिलाई चियाउने सानो आँखीझ्याल हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले चिनियाँ नयाँ वर्षले पारिवारिक पुनर्मिलन गराउनुका साथै नयाँ र सुन्दर आशा जगाउने बताउनुभयो। नेपाल-चीन पहाड र नदीले जोडिएका र हजारौँ वर्षको मित्रता बोकेका असल छिमेकी भएको विचार व्यक्त गर्दै उहाँले नेपालमा पछिल्लो समय देखापरेको चिनियाँ भाषाप्रतिको आकर्षणले दुई देशबिचको सांस्कृतिक एकतामा झन् बल पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले दसौँ वर्षदेखि बाल विकासले भक्तपुर चिनियाँ भाषा सिकाइमा देखाएको अग्रसरताको लागि विद्यालयलाई आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाली अन्तर्राष्ट्रिय चिनियाँ भाषा शिक्षा स्वयम्सेवक कार्यालयका प्रमुख याङ नियानले चिनियाँ भाषाको अध्ययनले चिनियाँ भाषा, सभ्यता, संस्कृति तथा चीनको भूगोल बुझ्न सहयोग पुऱ्याउने तथा दुई देशको मित्रतालाई अझ प्रगाढ बनाउने धारणा राख्नुभयो।

उहाँले यो नयाँ वर्ष घोडा वर्ष भएको बताउँदै नयाँ वर्षमा विद्यार्थीहरू साना घोडाजस्तै स्वस्थ र सकारात्मक भएर अघि बढ्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा चिनियाँ भाषा शिक्षिकाद्वय फाङ होङ र इभानाले पनि शुभकामना व्यक्त गर्नुभएको थियो।

उक्त अवसरमा कक्षा २ देखि ७ सम्मका करिब आठ सय विद्यार्थीले चिनियाँ गीत तथा भाषामा नृत्य तथा अन्य सांस्कृतिक प्रस्तुति राखेका थिए।

# देश र जनताको हितमा ऐन कानुन बनाउनुपर्ने

भक्तपुर, २३ माघ। "सत्तामा पुग्ने, मन्त्री बन्ने र अथाहा पैसा कमाउनेजस्ता अन्य दलहरूको साझा उद्देश्यभन्दा पृथक रहेर गरिब, कामदार जनताको आवाज संसद्मा राख्ने, देश र जनताको हितमा ऐन कानुन बनाउने तथा देशघाती सन्धि, सम्झौता, विधेयकको विरोध गर्ने र जनतालाई सुसूचित गर्ने उद्देश्य बोकेर नेमकिपाले निर्वाचनमा भाग लिँदै आएको हो।"

उक्त विचार नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा सूर्यविनायक ८ वडा पार्टी समितिको आयोजनामा भएको प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको हो।

उहाँले सङ्ख्याले ठुलो हुँदैमा राम्रो र सही पार्टी नहुने बरु विचार, सिद्धान्त र व्यवहारको कसीमा पार्टीहरूलाई तौलिनुपर्ने आवश्यकता औँल्याउँदै स्पष्ट विचार, दर्शन र सिद्धान्त नभएका पार्टीहरू खहरे खोलामा परिणत हुने तथ्य विगतका निर्वाचनमा साबित भइसकेको बताउनुभयो।

फलामलाई लामो समय पिटेपछि मात्र स्पाट बनेजस्तै नयाँ पुस्तालाई सानो उमेरदेखि सही विचारले लेस गर्दै लग्न सकेमात्र योग्य, देशभक्त र सक्षम नागरिक तयार पार्न सकिने भएकोले यसतर्फ राजनीतिक कार्यकर्ता अझ क्रियाशील हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले राजनीतिलाई पेसाको रूपमा लिन नहुने बरु देश र जनताको निःस्वार्थ सेवा गर्ने माध्यम बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले राजनीतिलाई पेसा बनाएकै कारण देशमा भ्रष्टाचार, अनियमितता र कालाबजारी मौलाएको हो भन्नुभयो।

देशका नयाँ पुस्ता तथा बौद्धिक वर्गलाई कसरी स्वदेशमै देशहितका लागि सदुपयोग गर्ने भन्ने विषय चुनौतीको रूपमा रहेको र त्यसको समाधानको निम्ति पार्टीको धारणाअनुसारको स्पष्ट नीति निर्माण गर्न आफ्नो उम्मेदवारी रहेको उहाँले प्रस्ट पार्नुभयो।

सत्तामा गएका दलहरूले विदेशीको दलाली गरेकै कारण आज देशले यो दूर्दशा भोग्नुपरेको तीतो यथार्थलाई सबै जनताले मनन गरेर पुराना र नयाँ दलको खोल ओढेर आएका विदेशी दलालहरूलाई जनताले चुनावको माध्यमबाट लखेट्नेमा आफू विश्वस्त रहेको विचार उहाँले व्यक्त गर्नुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले निर्वाचन घोषणापत्रको लडाइँ हो भन्नुभयो। उहाँले जनता झुक्याउन र मत चोर्न प्रतिक्रियावादीहरू विविध षड्यन्त्रका साथ घरदैलोमा आइरहेकोमा जनता सचेत हुनुपर्ने उल्लेख गर्नुभयो।

वडा पार्टी इन्चार्ज श्यामसुन्दर सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टी नगर सचिव महेन्द्र बखुन्छेँ तथा समितिका रोशन मचामसीले पनि बोल्नुभएको थियो।

*"हामी...*

मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्थाको आवाज उठाउँदै आएको स्पष्ट पार्दै उहाँले नेमकिपाले देशको सन्तुलित विकास गर्नुपर्ने प्रस्ताव राख्दै आएको छ भन्नुभयो।

उहाँले भन्नुभयो, "ख्वप कलेजहरू सञ्चालन गरेर देशभरिका नयाँ पुस्तालाई उच्च शिक्षाको अध्ययन, सीप तालिम एवं विदेशी भाषाको समेत प्रशिक्षण दिँदै आएको नेमकिपा नै नयाँ विचार भएको पार्टी हो।"

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईंले भन्नुभयो, "सरकारमा जानुमात्र राजनीतिक दलको काम होइन, महत्त्वपूर्ण कुरा देशको पक्षमा लड्नु हो। जनताको पक्षमा आवाज उठाउनु हो। इमानदारीपूर्वक सेवा गर्नु हो।"

उहाँले भन्नुभयो, "इमान, विचार र सिद्धान्तमा बाँच्न गाऱ्हो हुन्छ। नेमकिपाले प्रतिपक्षमा बसेर देशलाई जोगाउँछ। संसद्मा प्रखर प्रतिपक्षको खाँचो छ।"

नेक्रामसङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले समाजवादी व्यवस्थाले मात्र महिलाहरूको हित गर्ने विचार राख्दै भन्नुभयो, "साम्राज्यवाद सिङ्गो मानव समाजको निम्ति क्रूर हुन्छ, महिलाको लागि झन् बढी क्रूर हुन्छ।"

नेक्रामसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष सृजना सैंजूको सभापतित्वमा सम्पन्न उक्त भेलामा वाग्मती प्रदेशसभा सांसद गीता काप्लेले पनि आफ्नो विचार राख्नुभयो।

शुक्रबार सम्पन्न सो कार्यक्रममा जनगायिका सपना शाहीले गीत प्रस्तुत गर्नुभयो। समितिका सदस्य गङ्गा वैद्यले पनि कार्यक्रममा बोल्नुभएको थियो।

*"आत्मनिर्भर...*

शासकहरूले बेलैमा अध्ययन गरी शिक्षा लिएको भए देश आजको स्थितिमा पुग्ने थिएन।"

नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले भूमि समस्या समाधान गर्नु जरूरी भएको धारणा राख्दै केन्द्रीय सदस्य गोसाईले कृषिलाई उद्योगसँग जोड्न नसकेकै कारण देशको अर्थतन्त्र कमजोर भएको बताउनुभयो।

वैचारिक स्पष्टताबिना अगाडि बढ्न नसक्ने स्पष्ट पार्दै उहाँले 'विचार र सिद्धान्त चाहिँदैन' भन्ने गलत भाष्य प्रचार गरी जनतालाई धुलमुलमा राख्न खोज्नेप्रति कार्यकर्ताहरू सचेत हुनु जरूरी छ भन्नुभयो।

हरेक कुरा अर्थतन्त्रले निर्धारण गर्ने भएकोले उत्पादनका मुख्य मुख्य साधन र स्रोत राज्यको स्वामित्वमा हुनुपर्ने र समाजवादी विचारधाराले मात्र नेपालको दिगो विकास सम्भव भएको केन्द्रीय सदस्य गोसाईले बताउनुभयो।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले पठन संस्कृतिलाई विकास गर्ने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो।

कर्मचारी समाजका सदस्यहरू जनताको असल सेवकको रूपमा पहिचान बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

शासक पार्टीहरूको गलत अर्थनीतिकै कारण कृषिप्रधान देश खाद्यान्न आयात गर्नुपर्ने स्थितिमा पुगेको केन्द्रीय अध्यक्ष लासिवाले बताउनुभयो।

अर्थशास्त्र समाजका केन्द्रीय अध्यक्ष मुरज दिदियाले नेपालको लागि वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोतमध्ये पर्यटन क्षेत्र प्रमुख भएकोले पर्यटन व्यवसायलाई प्राथमिकता राखी नीति बनाउनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा दिव्यलक्ष्मी बज्राचार्य, प्रज्ज्वल खत्री, विकास प्रजापति, विनोदबहादुर शाही र रामकृष्ण प्रजापतिले पुस्तकबारे आ-आफ्नो अध्ययन सार राख्नुभएको थियो।

कार्यक्रममा कर्मचारी समाजका केन्द्रीय सचिव शिवराम धुख्वाले पनि बोल्नुभएको थियो।

# नेमकिपाको स्थापना दिवस मनाइयो

कैलाली, २३ माघ। कैलाली लम्की चुहा नपा २ गणेशपुर टोलमा नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस मनाइयो।

कार्यक्रममा रमेशकुमार रावलले नेमकिपाले कामगरी खाने वर्गको हितमा काम गरिरहेको उल्लेख गर्दै उत्पादनका मुख्य-मुख्य स्रोत-साधन राष्ट्रियकरण गरी उद्योग-कलकारखाना खोली युवाहरूलाई स्वदेशमै रोजगारको बन्दोबस्त गर्नुपर्छ भन्नुभयो।

गगन थापामगरले सिद्धान्त र विचारको राजनीति नगर्ने पार्टीहरूले देशमा मार्ग निर्देशन नगर्ने उल्लेख गर्दै नेमकिपा निःस्वार्थ रूपमा काम गर्ने देशभक्त पार्टी भन्नुभयो।

ज्योति बडुवालले नेपालको कम्युनिस्ट पार्टीले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा छोडी पुँजीपतिकै हितमा लागेको कारण नेमकिपा २०३१ माघ १० गते स्थापना भएको बताउनुभयो।

क्षेत्र नं. २ का उम्मेदवार लक्ष्मी पुन, क्षेत्र नं ४ का उम्मेदवार अमृता भुललगायतले सही उम्मेदवार छान्न आग्रह गर्नुभयो।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा